नगर विकास कोष

# व्यावसायिक योजना

(आ.व. २०८१/८२–२०८४/८५)

नगर विकास कोष

# व्यावसायिक योजना

(आ.व. २०८१/८२–२०८४/८५)

**मा. प्रकाशमान सिंह**
उपप्रधानमन्त्री एवम् शहरी विकास मन्त्री
**शहरी विकास मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार

**Hon'ble Prakash Man Singh**
Deputy Prime Minister and Minister for Urban Development
Ministry of Urban Development
Singha Durbar, Kathmandu, Nepal



पत्र संख्या/Let.No.:
चलानी नं. /Ref .No.:

# शुभकामना

व्यवस्थित शहरी विकासका लागि स्थानीय तह र शहरी विकाससँग सम्बन्धित निकायहरुलाई वित्तीय एवम् प्राविधिक सहयोग प्रदान गर्दै आएको नगर विकास कोषले आफ्नो "**चार वर्षीय व्यावसायिक योजना (आ.व. ०८१/८२ देखि ०८४/०८५)**" प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ ।

मुलुकले सङ्घीय शासन प्रणालीलाई अवलम्बन गरेसँगै देशलाई समृद्ध बनाउने अभियानलाई मूल प्राथमिकतामा राखी सरकारले नागरिकको सामाजिक सुरक्षा, आर्थिक विकास तथा दिगो शहरी पूर्वाधार विकासका लागि दीर्घकालीन तथा अल्पकालीन नीति, रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिरहेको छ ।

शहरीकरणको विस्तार सँगसँगै शहरी पूर्वाधार निर्माणको आवश्यकता माग र वित्तीय स्रोत आपूर्तिबीचको अन्तर दिनानुदिन बढ्दै गईरहेको छ । यस सन्दर्भमा संघीय संरचना अनुसार प्रदेश सरकार तथा स्थानीय तहमा शहरी पूर्वाधार निर्माणका लागि वित्तीय स्रोत परिचालन गर्नसक्ने रणनीति र कार्यक्रम सहित तर्जुमा भएको कोषको "**चार वर्षीय व्यावसायिक योजना (आ.व. ०८१/८२ देखि ०८४/०८५)**" ले राष्ट्रिय शहरी नीति, २०८१ को उत्थानशील शहरी पूर्वाधारमा सबैको पहुँच विस्तार गर्ने उद्देश्य प्रप्तिमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास गर्दछु ।

कोषको "**चार वर्षीय व्यावसायिक योजना (आ.व. ०८१/८२ देखि ०८४/०८५)**" को महत्वपूर्ण पाटोको रुपमा रहेको कोषको पूँजी पुनर्संचना र कार्यक्षेत्र विस्तारका लागि नेपाल सरकारबाट स्वीकृत कोषको "कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचना सम्बन्धी रणनीतिपत्र" बमोजिम तयार भएको "नगर विकास कोष ऐन, २०५३ लाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८०" लाई प्रचलित कानुन बमोजिम संसदबाट पारित गरी कार्यान्वयनमा ल्याउन मन्त्रालय प्रतिबद्ध छ । अन्तमा व्यावसायिक योजनाको सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु ।

प्रकाशमान सिंह
माननीय उपप्रधानमन्त्री एवम् शहरी विकास मन्त्री

मा. प्रकाशमान सिंह
उपप्रधानमन्त्री तथा शहरी विकास मन्त्री

फोन: ९७७-१-४२०००३४ | फ्याक्स: ९७७-१-४२००२४६ | वेबसाइट: www.moud.gov.np
Phone: 977-1-4200034 | Fax: 977-1-4200246 | Website: www.moud.gov.np

नेपाल सरकार

# शहरी विकास मन्त्रालय

फोन नं.: ४२११८८३, ४२११६७३

फ्याक्स : ९७७-१-४२११८७३
: ९७७-१-४२००२४६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-



## शुभकामना

नगर विकास कोषले **"चार वर्षीय व्यावसायिक योजना (आ.व. ०८१/८२ देखि ०८४/०८५)"** प्रकाशन गर्न लागेको जानकरी पाउँदा मलाई खुशी लागेको छ । वर्तमान अवस्थाको अध्ययन र भविष्यका लागि योजना निर्माण गरी कार्यान्वयन गर्नु आजको आवश्यकता हो । यसका लागि नगर विकास कोषलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहान्छु ।

देशमा पूर्वाधार विकास, आर्थिक क्रियाकलाप, औद्योगीकरण र बसाई सराई लगायतका शहरी विकासका प्रमुख सम्वाहकहरुको बृद्धिसँगै शहरीकरण बढ्दै गएको छ । पूर्वाधार मागको तुलनामा शहरी लगानी अपर्याप्त रहेको वर्तमान अवस्थामा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्रोत तथा वैकल्पिक वित्तीय उपकरण परिचालन गर्नु अपरिहार्य भैसकेको छ ।

कोषको **"चार वर्षीय व्यावसायिक योजना (आ.व.०८१/८२ देखि ०८४/०८५)"** शहरका बहुआयामिक पक्षलाई मध्यनजर गरी व्यवस्थित, समावेशी र समृद्ध शहर निर्माणका लागि स्रोत साधनको पहिचान सहित उच्चतम परिचालन, कोषलाई हरित लगानी वाहक (Green Financing Vehicle) को रुपमा प्रवर्द्धन गर्ने रणनीति र कार्यक्रम सहित तर्जुमा गरिएकोले सरकारको राष्ट्रिय शहरी नीतिको उत्थानशील शहरी पूर्वाधारमा सबैको पहुँच विस्तार गर्ने उद्देश्य प्राप्तिमा महत्वपूर्ण योगदान प्रदान गर्ने विश्वास लिएको छ ।

शहरी पूर्वाधार क्षेत्रको लागि एक अग्रणी वित्तीय मध्यस्थकर्ता संस्थाको रुपमा स्थापित हुने कोषको दूरदृष्टिमा **"चार वर्षीय व्यावसायिक योजना (आ.व. ०८१/८२ देखि ०८४/०८५)"** को सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु । व्यावसायिक योजना कार्यान्वनमा मन्त्रालयका तर्फबाट पूर्ण सहयोग रहने प्रतिवद्धता सहित सम्वद्ध सबैबाट कोषलाई रचानात्मक सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

२०८१/१०/२५
गोपाल प्रसाद सिग्देल
सचिव,
शहरी विकास मन्त्रालय
एवम् अध्यक्ष, नगर विकास कोष

# नगर विकास कोष

पत्र संख्या :
चलानी नं. :

पोष्ट वक्स नं. : ५१४४
नयाँ बानेश्वर,काठमाडौं
फोन नं. : ४५९३८६६, ४५६४८७४, ४५६५६५१, ४५७१२२७
इमेल: tdf@tdf.org.np, Website: www.tdf.org.np



## प्रतिवद्धता

शहरीकरणको विस्तार सँगसँगै शहरी पूर्वाधार निर्माणको आवश्यकता माग र वित्तीय स्रोत आपूर्तिबीचको अन्तर बढ्दै गएको वर्तमान परिपेक्ष्यमा पूर्वाधार विकासमा दीर्घकालीन ऋण लगानी एवम् वैकल्पिक स्रोत परिचालन गर्दै समावेशी दिगो विकासको प्रवर्द्धन गर्ने उद्देश्य सहित कोषको **चार वर्षीय (आ.व. ०८१/८२ देखि ०८४/८५) व्यावसायिक योजना** तयार गरिएको छ।

कोषले शहरी पूर्वाधार विकासमा ऋण लगानी अवधारणालाई प्रवर्द्धन गर्दै एक अग्रणी वित्तीय मध्यस्थकर्ता संस्थाको रुपमा आफ्नो पहिचान गराउन सफल भएसँगै नेपाल सरकारबाट कोषको "कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचनासम्बन्धी रणनीतिपत्र" स्वीकृत भई सोही बमोजिम "नगर विकास कोष ऐन, २०५३ लाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८०" तयार भई ऐन संशोधनको प्रक्रियामा रहेको छ।

कोषको "चार वर्षीय (आ.व. ०८१/८२ देखि ०८४/८५) व्यावसायिक योजना" मा तीव्र रूपमा बढ्दै गरेका नगरहरूले पूर्वाधार तथा सामाजिक क्षेत्रमा सामना गरिरहेका आर्थिक व्यवस्थापनका चुनौतीहरूलाई सम्बोधन गर्नेगरी शहरी पूर्वाधारको निर्माण तथा विकासमा ऋण-अनुदान मिश्रण लगानी, सहलगानी, हरित वित्त लगानी, मिश्रित वित्त (ब्लेण्डेड फाइनान्स) र सार्वजनिक-निजी साझेदारीमा लगानी लगायतका वैकल्पिक वित्तीय उपकरणहरुको माध्यमबाट वित्तीय स्रोत परिचालनलाई प्राथमिकतामा राखिएको छ।

कोषको "चार वर्षीय (आ.व. ०८१/८२ देखि ०८४/८५) व्यावसायिक योजना" को लक्ष्य निर्धारणका क्रममा **"समृद्ध नेपाल, सुखी नेपाली"** को दीर्घकालिन लक्ष्य पुरा गर्न सरकारको दिगो विकास लक्ष्य, सोह्रौं योजना, राष्ट्रिय शहरी नीति लगायत दिगो शहरी पूर्वाधार विकासका लागि दीर्घकालीन तथा अल्पकालीन नीति, रणनीति तथा कार्यनीतिहरु समेत मध्यनजर गरिएको छ।

शहरी पूर्वाधार क्षेत्रको लागि एक अग्रणी वित्तीय मध्यस्थकर्ता संस्थाको रुपमा स्थापित हुने कोषको दूरदृष्टिको मार्गमा कोषको "चार वर्षीय (आ.व. ०८१/८२ देखि ०८४/८५) व्यावसायिक योजना" मुख्यरुपमा कोषको कार्य क्षेत्र विस्तृतिकरण एवं पूँजी पुनःसंरचनाका लागि नगर विकास कोष ऐन संशोधन, संगठनात्मक क्षमता अभिबृद्धि, कोषको वित्तिय दिगोपन, तालुक निकायहरुसँगको पहुँच विस्तार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारीको सुदृढीकरण, वित्तीय श्रोतहरूको विविधीकरणमा केन्द्रित हुनेछ।

अन्त्यमा, यस "चार वर्षीय (आ.व. ०८१/८२ देखि ०८४/८५) व्यावसायिक योजना" को सफल कार्यान्वयन गर्दै शहरी पूर्वाधार क्षेत्रका लागि एक अग्रणी वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा स्थापित हुन कोष प्रतिवद्ध छ। व्यावसायिक योजनाको कार्यान्वयनका क्रममा नेपाल सरकार, विकास साझेदारहरु, दातृ निकाय, स्थानीय तह, प्रदेश सरकार, साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु र सम्बद्ध विभिन्न सङ्घ-संस्थाहरुबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु। साथै कोष संचालक समितिबाट व्यावसायिक योजना स्वीकृत भएकोमा हार्दिक आभार व्यक्त गर्दै व्यावसायिक योजनाको तयारीमा महत्वपूर्ण योगदान दिनहुने सम्बद्ध सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

Binod

इ. विनोद प्रकाश पण्डित
**कार्यकारी निर्देशक**

**२७ माघ, २०८१**

# कार्यकारी सारांश

सुरक्षित, स्वच्छ, व्यवस्थित, आर्थिक रूपमा गतिशील र सुन्दर शहर समृद्ध मानव बस्तीका पहिचान हुन् । पूर्वाधार विकास, आर्थिक क्रियाकलाप, औद्योगिकीकरण र बसाइँसराइलगायतका शहरी विकासका प्रमुख संवाहकहरूको वृद्धिसँगै शहरीकरण बढ्दै गएको छ । विद्यमान शहरलगायत भविष्यमा निर्माण हुने शहरमा शहरी सुविधाको पर्याप्त उपलब्धतासहित शहरी जीवनस्तरमा सुधार ल्याउन गुणस्तरीय, वातावरणमैत्री र दिगो शहरी पूर्वाधार निर्माण, विकास तथा विस्तारमा ठूलो लगानीको आवश्यकता रहेको छ । नगर विकास कोष विगत ३६ वर्षदेखि व्यवस्थित शहर निर्माणका लागि स्थानीय तह र शहरी विकाससँग सम्बन्धित निकायहरूलाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्दै आएको छ । नगर विकास कोष, विकास समिति ऐन, २०१३ अनुसार २०४५ सालमा नगर विकास कोष समितिका रूपमा गठन भई नगर विकास कोष ऐन, २०५३ द्वारा स्थापना भएको एक स्वायत्त वित्तीय मध्यस्तकर्ता संस्था हो ।

कोषको दूरदृष्टि शहरी पूर्वाधार क्षेत्रका लागि एक अग्रणी वित्तीय मध्यस्थकर्ता संस्थाका रूपमा स्थापित हुने रहेको छ । कोषको मुख्य लक्ष्य शहरी पूर्वाधारमा लगानीका लागि निश्चित पुँजी संरचनासहित बलियो स्रोतको आधार सुनिश्चितता गर्दै शहरी क्षेत्रहरूमा सामाजिक तथा आधारभूत पूर्वाधार एवम् आय-आर्जन हुने परियोजनाहरूका लागि वित्तीय तथा प्राविधिक सहायता प्रदान गर्नु हो । नगर विकास कोष ऐन २०५३ अनुसार कोषको मुख्य उद्देश्य नगर विकाससँग सम्बन्धित निकायहरूलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने एवम् नगर विकास र यसका लागि गरिनुपर्ने सम्भाव्य सुधारहरूका सम्बन्धमा देखा परेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउन आवश्यकताअनुसार कार्यमूलक अनुसन्धान गर्ने-गराउने रहेका छन् ।

देशको परिवर्तित सङ्घीय संरचनाबमोजिम नगरसम्बन्धी निकायका सङ्ख्यामा वृद्धि तथा हालको तीव्र शहरीकरणका कारण आवश्यक पर्ने पुँजीको व्यवस्थापन चुनौतीपूर्ण भइरहेको वर्तमान अवस्थामा कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचनाका लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको रणनीतिपत्रबमोजिम तयार भएको नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८० संसद्बाट स्वीकृत हुन नसक्नु, कोषको सङ्गठन संरचना सङ्घीयताबमोजिम प्रदेशिक तहसम्म नरहनु, कोषको कार्य क्षेत्रसँग मिल्दा समान प्रकारका अन्य वित्तीय संस्थाहरू अस्तित्वमा आउनु, कोष हरित वित्त (Green Climate Fund) को मानक संस्थाका रूपमा स्थापित हुने प्रक्रियामा विगत सात वर्षदेखि नै रहनु कोषका मुख्य चुनौतीका रूपमा देखिएका छन् ।

तथापि कोष स्थानीय तह तथा नगर विकाससँग सम्बन्धित निकायमा पूर्वाधार विकास निर्माणमा ऋण परिचालन र ऋण असुली गर्ने एक मात्र वित्तीय मध्यस्थकर्ता संस्था हुनु, शहरी क्षेत्रको विकासका लागि रु. ३० खर्ब रुपैयाँभन्दा धेरै आवश्यकता रहेको तथा हालको सरकारी बजेट विनियोजनअनुसार कोषलाई असीमित लगानीको अवसर रहनु, सरकारको निरन्तर सहयोग तथा सहकार्य, कोषले स्थापित गरेको विश्वसनीय अन्तर्राष्ट्रिय सम्बन्ध, तीव्र शहरीकरण कोषका लागि नयाँ अवसर सिर्जना हुनु कोषका सबल पक्षका रूपमा रहेका छन् ।

व्यावसायिक योजनाले लिएको रणनीति र संस्थागत सुधारबाट व्यावसायिक योजना अवधिको चार वर्षमा दिगो, समावेशी र जलवायु अनुकूलनका शहरी पूर्वाधारका आयोजनाहरूमा रु. १७ अर्ब लगानी र कोषको समग्र ऋण असुली ६५ प्रतिशत पुऱ्याइने लक्ष्य रहेको छ । कोषले विभिन्न दातृ निकायमार्फत सञ्चालित कार्यक्रम तथा आयोजनाका लागि नेपाल सरकारबाट प्राप्त ऋणको साँवा तथा ब्याज गरी व्यावसायिक योजनाको अवधिमा रु. १ अर्ब ८१ करोड साँवा तथा ब्याज भुक्तानी गरिनेछ ।

शहरी पूर्वाधार क्षेत्रका लागि एक अग्रणी वित्तीय मध्यस्थकर्ता संस्थाका रूपमा स्थापित हुने कोषको दूरदृष्टिको मार्गमा कोषको चार वर्षीय व्यावसायिक योजना (आ.व. ८१।८२ देखि ८४।८५) पूर्वाधार विकासमा सहजीकरण गर्दै समावेशी दिगो विकासको प्रवर्द्धनका लागि मुख्य रूपमा कोषको कार्य क्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचनाका लागि नगर विकास कोष ऐन संशोधन, सङ्गठनात्मक क्षमता अभिवृद्धि, कोषको वित्तीय दिगोपन, सरोकार निकायहरूसँगको पहुँच विस्तार, राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारीको सुदृढीकरण एवम् वित्तीय स्रोतहरूको विविधीकरणमा केन्द्रित हुनेछ ।

# विषय सूची


**कार्यकारी सारांश** xi

**भाग १ : परिचय र हालको अवस्था** १

१.१ पृष्ठभूमि १

१.२ स्थापना, उद्देश्य र कार्यक्षेत्र १

१.३ सञ्चालन र वर्तमान अवस्था २

**भाग २: सम्बन्धित कानुनी दस्तावेज, राष्ट्रिय विकास एजेन्डा र वित्तीय आवश्यकताको समीक्षा** ७

२.१ नेपालको संविधान एवम् कानुनी संरचना ७

२.२ दीर्घकालीन सोच, २१०० ८

२.३ सोह्रौं योजना (आर्थिक वर्ष २०८१।८२ देखि २०८५।८६) ८

२.४ राष्ट्रिय शहरी नीति, २०८१ १०

२.५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ११

२.६ सार्वजनिक-निजी साझेदारी र लगानी ऐन, २०७५ १२

२.७ महालेखा परीक्षकको ६१औं वार्षिक प्रतिवेदन, २०८१ १२

२.८ नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८० १२

**भाग ३: व्यावसासयिक वातावरण विश्लेषण** १४

३.१ सरोकारवालाहरूको पहिचान र विश्लेषण १४

३.२ कोषको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरू : १५

**भाग ४: व्यावसायिक योजना (आ.व. ०८१/८२-०८४/८५)** १७

४.१ दूरदृष्टि १७

४.२ ध्येय १७

४.३ लक्ष्य १७

४.४ रणनीति १८

४.५. व्यावसायिक अवधिमा वित्तीय स्रोत व्यवस्थापन लक्ष्य २०

४.६. व्यावसायिक अवधिमा कार्यक्रम तथा आयोजनाहरूमा लगानी लक्ष्य २१

४.७. व्यावसायिक अवधिमा ऋण असुली लक्ष्य २३

४.८ व्यावसायिक अवधिमा ऋण भुक्तानी लक्ष्य २४

४.९ संस्थागत सुधार योजना २४

४.१० अनुगमन तथा मूल्याङ्कन २४

४.११ जोखिम र अनुमान २९

# सङ्क्षिप्त नाम

| | |
|---|---|
| **ADB** | Asian Development Bank |
| **AIIB** | Asian Infrastructure Investment Bank |
| **CSR** | Corporate Social Responsibility |
| **GCF** | Green Climate Fund |
| **GIZ** | German Development Corporation |
| **IFC** | International Finance Corporation |
| **IUWSSSP** | Integrated Urban Water Supply and Sanitation Sector Project |
| **KfW** | German Development Bank |
| **KPI** | Key Performance Indicators |
| **NDA** | National Designated Authority |
| **PIF** | Public Investment Facility |
| **PPP** | Public Private Partnership |
| **TDF** | Town Development Fund |
| **UIDP** | Urban Infrastructure Development Project |
| **URLIP** | Urban Resilience and Livability Improvement Project |
| **WB** | World Bank |
| **WSSSP** | Water Supply and Sanitation Secgtor Project |

# भाग १ : परिचय र हालको अवस्था

## १.१ पृष्ठभूमि

नगर विकास कोष शहरी पूर्वाधार विकासका लागि वित्तीय मध्यस्थकर्ताका रूपमा दीर्घकालीन लगानी गर्ने उद्देश्यका साथ २०४५ सालमा स्थापित तथा नगर विकास कोष ऐन, २०५३ अन्तर्गत सञ्चालित एक स्वायत्त वित्तीय मध्यस्थकर्ता संस्था हो । कोष स्थानीय तहहरू तथा नगर विकाससँग सम्बन्धित निकायहरूमा पूर्वाधार निर्माणका लागि ऋण परिचालन गर्ने र ऋण असुली गर्ने सरकारको एक मात्र सार्वजनिक वित्तीय संस्थाका रूपमा स्थापित भएको छ ।

सङ्घीयताको वर्तमान सन्दर्भमा, अन्तर-सरकारी वित्तीय हस्तान्तरण प्रणालीको अङ्गका रूपमा आत्मनिर्भर र वैकल्पिक स्रोत परिचालनका लागि यस कोषको महत्त्व र अपरिहार्यता देखिएको छ । स्थापनाकालदेखि कोषले नेपाल सरकार एवम् विभिन्न विकास साझेदारको वित्तीय स्रोत परिचालन गर्दै सहकार्य गरिरहेको छ । स्थानीय सरकार (विशेष गरी नगरपालिका) र शहरउन्मुख पालिकाहरू तथा शहरी पूर्वाधार विकासका क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी सङ्घ-संस्था कोषका मुख्य सेवाग्राही हुन् । कोषले तीव्र रूपमा बढ्दै गरेका नगरहरूले पूर्वाधार तथा सामाजिक क्षेत्रमा सामना गरिरहेका आर्थिक व्यवस्थापनका चुनौतीलाई सम्बोधन गर्न पूर्वाधार विकास र विस्तारका लागि वित्तीय एवम् प्राविधिक सहयोग परिचालन गर्दै आएको छ । हालसम्म कोषले शहरी विकास र पूर्वाधारका प्रतिफलमुखी आर्थिक पूर्वाधार, व्यावसायिक तथा आधारभूत सामाजिक पूर्वाधारका आयोजनामा करिब १६ अर्ब रुपैयाँ लगानी गरिसकेको छ ।

शहरीकरणको विस्तार सँगसँगै शहरी पूर्वाधार निर्माणको आवश्यकता माग र वित्तीय स्रोत आपूर्तिबीच ठूलो अन्तर भएको वर्तमान परिपेक्ष्यमा कोषले पूर्वाधार विकासमा लागत असुली तथा दीर्घकालीन ऋण लगानी जस्ता वैकल्पिक स्रोत परिचालन गर्ने संस्थाका रूपमा आफ्नो पहिचान गराएको छ । कोषको महत्त्व र कार्यक्षेत्रलाई मध्यजनर राखी नेपाल सरकारबाट कोषको पुँजी वृद्धि र कार्यक्षेत्र विस्तारसहितको कोषको पुनर्संरचना रणनीतिकपत्र (TDF's Restructuring Strategy Paper) स्वीकृत भएको छ । सोहीबमोजिम कोषको अधिकृत पुँजी ५० अर्ब रुपैयाँ पुऱ्याउने योजनासहित नगर विकास कोष ऐन, वि.सं. २०५३ लाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८० तयार भई ऐन संशोधनको प्रक्रियामा रहेको छ ।

कोषको कार्य क्षेत्र विस्तृतीकरण र पुँजी पुनर्संरचनापश्चात् कोषलाई थप प्रभावकारी रूपमा स्थानीय तहको पूर्वाधार विकासका लागि आर्थिक र प्राविधिक सहयोग र सार्वजानिक-निजी साझेदारी अवधारणाअनुसार स्थानीय तह र प्रदेशस्तरका आयोजनामा पनि लगानी गर्ने बाटो खुल्नेछ, परिणामस्वरूप वित्तीय मध्यस्थकर्ताका रूपमा कोषको भूमिका थप सबल र विस्तारित हुनेछ ।

## १.२ स्थापना, उद्देश्य र कार्यक्षेत्र

नेपालमा नगरको निर्माण, विकास तथा विस्तार एवम् नगर क्षेत्रमा आधारभूत सामाजिक सेवा र आयमूलक आयोजना सञ्चालन गर्न-गराउन तथा त्यस्तो सेवा तथा आयोजना सञ्चालन गर्न, नगर विकाससँग सम्बन्धित निकायलाई आर्थिक र प्राविधिक सहयोग प्रदान गरी व्यवस्थित ढङ्गले नगरको निर्माण गर्ने गराउने उद्देश्यले २०४५ सालमा नगर विकास कोष समितिका रूपमा स्थापना भई २०५३ सालमा नगर विकास कोष ऐनद्वारा स्वायत्त संस्थाका रूपमा क्रियाशील कोषले शहरी पूर्वाधार विकासका लागि लगानी तथा प्राविधिक सहयोग, अध्ययन तथा अनुसन्धानका कार्य गर्दै आएको छ ।

नगर विकास कोष ऐन २०५३ अनुसार कोषका उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

क. नगर विकाससँग सम्बन्धित निकायहरूलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने ।

ख. नगरलाई स्वच्छ तथा सफा राख्न आवश्यक काम गर्ने, गराउने ।

ग. विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सञ्चालन गर्ने-गराउने ।

घ. नगर विकास र यसका लागि गरिनुपर्ने सम्भाव्य सुधारहरूका सम्बन्धमा देखापरेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउन आवश्यकताअनुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

कोषको कार्यक्षेत्रका रूपमा नगर विकाससँग सम्बन्धित निकायहरू, प्रचलित कानुनबमोजिम स्थापना भएका उपभोक्ता समितिहरू, नगर विकास क्षेत्रमा कार्यरत गैरसरकारी वा साझेदार संस्थाहरूका साथै नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहद्वारा सार्वजनिक-निजी साझेदारीअनुसार छनोट भएका आयोजनाहरू रहेका छन् ।

## १.३ सञ्चालन र वर्तमान अवस्था

### (क) सञ्चालन

कोष नेपाल सरकारको कार्य विभाजन नियमावलीअनुसार शहरी विकास मन्त्रालयअन्तर्गत रहेको छ । नगर विकास कोष ऐन, २०५३ को दफा १४ ले कोषको उद्देश्यप्राप्तिका लागि सुव्यवस्थित रूपले आवश्यक कार्यक्रमहरू सञ्चालन गर्न-गराउन र कोषको सम्पूर्ण काम-कारबाहीहरूको रेखदेख तथा प्रबन्ध गर्न सञ्चालक समितिको व्यवस्था गरेको छ ।

सञ्चालक समितिमा शहरी विकास मन्त्रालयका सचिव अध्यक्ष, सङ्घीय सरकारका अर्थ मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट राजपत्राङ्कित प्रथम श्रेणीका दुई जना प्रतिनिधि सदस्य, नगरपालिकका प्रमुख वा उपप्रमुखहरूमध्येबाट प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनयन गरेका कम्तीमा तीन जना महिलासहित सात जना सदस्य, समितिले मनोनीत गरेका दुई जना विज्ञ (अर्थ र प्राविधिक), समावेशिताका आधारमा नगर विकाससम्बन्धी विज्ञता भएका व्यक्तिहरूमध्येबाट मन्त्रालयले तोकेको कम्तीमा एक जना महिलासहित तीन जना सदस्य र कोषको कार्यकारी निर्देशक सदस्य सचिव रहने गरी कोष सञ्चालक समितिमा १६ जना सदस्य रहने प्रावधान छ । कोषको ऐनले कार्यकारी निर्देशकलाई कोषको नीति-निर्माण तह र कार्य सञ्चालन तहमा गरी दुवै प्रकारको दायित्व प्रदान गरेको छ ।

कोषले नगर विकास कोष ऐन २०५३, नगर विकास कोष नियमावली २०५४, नगर विकास कोष आर्थिक विनियमावली २०७१, नगर विकास कोष, कर्मचारी सेवा सर्त विनियावली २०६८, लगानी विनियमावली २०७९, ऋण असुली विनियमावली २०७९, खानेपानी तथा सरसफाइ क्षेत्र, सहलगानी निर्देशिका २०७५, लगानी निर्देशिका २०७७, खानेपानी महसुल दर सिफारिस निर्देशिका २०७८ जस्ता ऐन नियम, विनियमावली र निर्देशिकाको अधीनमा रही आफना काम-कारबाहीहरू सञ्चालन गरिरहेको छ ।

कोषको स्वीकृत सङ्गठन संरचनाबमोजिम कोषमा हाल तीन ओटा सेवा समूह (प्रशासन, वित्त र प्राविधिक सेवा समूह) रहेका छन् । हाल कोषमा ३४ स्थायी दरबन्दीमध्ये विभिन्न सेवा समूहमा कुल २२ पदमा कार्यरत रहेका छन् भने सहयोगीस्तर श्रेणीविहीन सेवा करारमा १० जना कार्यरत रहेका छन् । संयुक्त राष्ट्र सङ्घीय पुँजी विकास कोष (United Nations Capital Development Fund-UNCDF Cooperation) को प्राविधिक सहयोगमा नगर विकास कोषलाई पुनर्संरचनाका लागि आवश्यक संस्थागत तयारीका लागि O & M Study / Organizational Capacity Assessment (OCA) गरिएको छ ।

### (ख) वर्तमान वित्तीय अवस्था

नेपाल सरकारको बिउ पुँजीका (Seed Capital) रूपमा करिब रु. १.२९ करोड इक्विटी सेयरबाट थालनी भएको कोषमा आ.व. ७९।८० सम्म नेपाल सरकारको इक्विटी रु. २ अर्ब ७६ करोड ३० लाख, विभिन्न दातृ निकायबाट प्राप्त अनुदानबाट स्थापित जगेडा कोष रु. १ अर्ब ४१ करोड ३६ लाख, कोषको सञ्चित नाफा रु. २ अर्ब ९८ करोड ११ लाख गरी कोषको जम्मा इक्विटी ७ अर्ब १५ करोड ७७ लाख रहेको छ ।

कोषअन्तर्गत सञ्चाालित विभिन्न कार्यक्रम तथा आयोजनाको कार्यान्वयनका लागि नेपाल सरकार तथा नेपाल सरकारमार्फत दातृ निकायहरूबाट हालसम्म रु. ७ अर्ब २७ करोड ३५ लाख ऋण प्राप्त गरेको छ । जसमध्ये एसियाली विकास बैङ्कबाट रु. ५ अर्ब ३२ करोड ९६ लाख, विश्व बैङ्कबाट रु. १३ करोड २ लाख, नेपाल सरकारको सञ्चित कोषबाट रु. १ अर्ब ८१ करोड ७२ लाख ऋण रहेको छ ।

कोषले नेपाल सरकार तथा विभिन्न दातृ निकायमार्फत सञ्चालित कार्यक्रम तथा आयोजनाका लागि नेपाल सरकारबाट प्राप्त भएको ऋणको साँवा तथा ब्याज भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । कोषले नियमित रूपमा नेपाल सरकारलाई

साँवा तथा ब्याज भुक्तानी गरिरहेको छ । आ.व. २०८०।८१ मा भुक्तानी गर्नुपर्ने साँवा तथा ब्याज रु. ३८ करोड १७ लाख ५७ हजार रहेकोमा रु. ७५ करोड २९ लाख ८१ हजार भुक्तानी गरेको छ ।

स्थापना भएदेखि नै कोषले नेपाल सरकार तथा विभिन्न दातृ संस्था (ADB, Word Bank, KfW, GIZ) बाट ऋण र अनुदानका वित्तीय स्रोत प्राप्त गरिरहेको छ । कोषलाई प्राप्त वित्तीय स्रोत नगरहरूमा आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सञ्चालन गर्न आवश्यक परियोजना छनोट गरी आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्दै आएको छ । कोषले शहरी पूर्वाधारका आयोजनाहरूमा नेपाल सरकार, विकास साझेदारहरू र कोषबीच गरिएका सर्त सम्झौताबमोजिम आ.व. ०८०।८१ सम्ममा स्थानीय तहको पूर्वाधार क्षेत्रमा रु. ३ अर्ब ९९ करोड ६३ लाख ऋण, खानेपानी आयोजनातर्फ रु. ६ अर्ब ८२ करोड ४६ लाख एवम् यातायात क्षेत्रमा रु. ४ करोड ४२ लाख ऋण गरी कुल रु. १० अर्ब ८६ करोड ५१ लाख ऋण रहेको छ ।

कोषले उपर्युक्तबमोजिम प्रवाह गरेको ऋण रकम सेवाग्राहीले प्रत्येक पुस र असार (जनवरी र जुलाई)को अन्त्यमा वर्षमा दुई पटक ऋण रकमको साँवा तथा ब्याजको किस्ता तिर्नुपर्ने हुन्छ । आ.व. २०८०/८१ को अन्त्यसम्म साँवा तथा ब्याज गरी रु. ९ अर्ब २० करोड ४३ लाख असुल हुनुपर्नेमा रु. ८ अर्ब ९ लाख असुल भएको छ । कोषले आ.व. ०८०।८१ मा साँवा तथा ब्याज गरी जम्मा रु. १ अर्ब ८२ करोड ३६ लाख असुल हुनुपर्नेमा रु. ८८ करोड ३१ लाख (४८%) असुल भएको छ ।

कोषका मुख्य आय स्रोतहरू ऋणको ब्याज र अनुदान परिचालनमा प्राप्त गर्ने सेवा शुल्क रहेको छ । कुनै आयोजना विशेषका लागि प्राप्त हुने प्राविधिक सहयोगबाहेक कोषले आफ्नो सञ्चालन खर्च आफ्नो आम्दानीबाट व्यवस्थापन गर्ने गर्छ । सरकारबाट कोषलाई कार्यालय सञ्चालनका लागि कुनै बजेट विनियोजन हुँदैन । कोषले आफ्नो नाफामा २५% आयकर तिर्दै आएको छ ।

### (ग) वर्तमान लगानी विधि एवम् ढाँचा

वित्तीय मध्यस्थकर्ताका रूपमा कोषले आफ्नो लगानी विनियमावली, २०७९ र नेपाल सरकारमार्फत दातृ संस्थाहरूसँग हुने सर्त सम्झौताबमोजिम आर्थिक तथा सामाजिक पूर्वाधार निर्माणका लागि वित्तीय स्रोतहरू उपलब्ध गराउँदै आएको छ । कोषको लगानी विनियमावली, २०७९ को विनियम १४ र विनियम २३ अनुसार तल दिइएको तालिका नं. १ को लगानी विधि र ढाँचाबमोजिम कोषले वित्तीय स्रोत उपलब्ध गराउँदै आएको छः

**तालिका नं. १ : लगानी विनियावली, २०७९ बमोजिम लगानी विधि एवम् ढाँचा**

| लगानी विधि | पूर्वाधार लगानीका क्षेत्रहरू | आयोजनाका किसिम | वित्तीय लगानीको ढाँचा |
|---|---|---|---|
| ● ऋण लगानी विधि :<br>(क) साधारण विधि<br>(ख) मिश्रित विधि<br>(ग) सहलगानी विधि<br>(घ) सार्वजनिक-निजी साझेदारी विधि<br>(ङ) सहवित्तीय (कन्सोर्टियम) विधि<br>● सेयर लगानी विधि<br>● विशेष लगानी विधि | आधारभूत सामाजिक पूर्वाधार | (१) जग्गा एकीकरण आयोजना, स्मार्ट सिटी, आवास योजना, एकीकृत बस्ती विकास, सहरी पुनर्उद्धार आयोजना, सांस्कृतिक तथा पुरातात्त्विक सम्पदास्थल संरक्षण, हाउस पुलिङलगायत अन्य नगर विकास पूर्वाधार ।<br>(२) फोहोरमैला व्यवस्थापन, सतह ढल, ढल प्रशोधन केन्द्र, फोहोरमैला प्रशोधन केन्द्र, सार्वजनिक शौचालय, दिसाजन्य लेदो पदार्थ प्रशोधन आयोजना, जैविक मल उत्पादन आयोजनालगायत अन्य फोहोरमैलाजन्य पूर्वाधार ।<br>(३) खुला क्षेत्र पेटी आयोजना, एकीकृत सहरी सडक सुधार आयोजना, खानेपानी तथा सरसफाइ, सडक बत्ती, बस बिसौनी, सङ्ग्राहलय, नगर अस्पताल, सामुदायिक भवन, विद्यालय भवन, पुस्तकालय भवन, प्रशासनिक भवन लगायत अन्य पूर्वाधार ।<br>(४) पार्क, सार्वजनिक हरित क्षेत्र, पदमार्ग, साईकल लेन, पोखरी सुधार तथा पर्यटकीय मानव निर्मित ताल, वातावरणीय अनुकूलन र अल्पीकरण आयोजना, शहरी हरित प्रवर्द्धन आयोजना लगायत अन्य पूर्वाधार । | आयोजना मूल्याङ्कनका आधारमाआयोजना लागतको १० % देखि ३० % सम्म अनुदानसहित ९०% सम्म ऋण लगानी । |
| | आयमूलक पूर्वाधार | (१) बहुउद्देश्यीय भवन, सपिङ कम्प्लेक्स, प्रदर्शनी केन्द्र, बजार व्यवस्थापन आयोजना, सभागृह, बसपार्क, सार्वजनिक यातायातसम्बन्धी पार्क, बहुतले व्यापारिक पार्किङलगायत अन्य व्यावसायिक पूर्वाधार ।<br>(२) केबलकार परियोजना, विद्युतीय यातायात सेवा, सार्वजनिक यातायात सेवा, मेट्रो रेल, मोनो रेल, जल यातायात, फ्लाई ओभर, ट्राम, विद्युतीय सवारी चार्जिङ स्टेसन, भेहिकल वासिङ सेन्टरलगायत अन्य यातायात पूर्वाधार ।<br>(३) स्थानीय उत्पादन बिक्री केन्द्र, कृषि बजार, शीतभण्डार, कृषि तथा वनजन्य वस्तुहरूको व्यावसायिक उत्पादन तथा प्रशोधन भण्डार, वधशाला तथा प्रशोधन केन्द्रलगायत अन्य कृषि पूर्वाधार ।<br>(४) रोड साइड रिफ्रेसमेन्ट सेन्टर, जिपलाइन, बन्जी जम्पिङ, मनोरञ्जन पार्क, खेलकुद पार्क, चिडिया घर, रङ्गशाला, कभर्ड हल, रिसोर्ट तथा पार्कलगायत अन्य पर्यटकीय पूर्वाधार । | आयोजना मूल्याङ्कनका आधारमा आयोजना लागतको ५% देखि २० % सम्म अनुदानसहित ९०% सम्म ऋण लगानी । |

### (घ) चालू कार्यक्रम

कोषले नेपाल सरकार, दातृ निकाय तथा कोषको आफ्नो पुँजी कोषसमेतको परिचालन गर्ने गरी व्यवस्थित शहर निर्माणका लागि आर्थिक तथा प्राविधिक सहयोगका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । केही कार्यक्रमहरू चालू अवस्थामा केही कार्यक्रमहरू सम्पन्न हुने चरणमा र साथै केही कार्यक्रमहरू प्रारम्भिक चरणमा रहेका छन् । कोषका हाल सञ्चालन भइरहेका र प्रस्तावित कार्यक्रमहरू देहायबमोजिम रहेका छन् :

***(i) शहरी पूर्वाधार विकास आयोजना (Urban Infrastructure Development Project-UIDP)***

नगरपालिकामा आर्थिक पूर्वाधार विकास एवम् नगरपालिकाको दिगो आम्दानीको स्रोत बन्न सक्ने आयोजनाका लागि आयोजनाको कुल लागतमा नगरपालिकाको समेत सहलगानीमा कोषबाट ९० प्रतिशतसम्म ऋण लगानी हुने गरी शहरी पूर्वाधार विकास कार्यक्रम आ.व. ०७५।७६ देखि नेपाल सरकारको ऋण सहयोगमा सञ्चालन हुँदै आएको छ । यस आयोजनाका लागि कोषलाई नेपाल सरकारबाट ५ प्रतिशत ब्याजदरमा ५ वर्षको सहुलियत अवधिसहित २० वर्षमा भुक्तानी गर्ने गरी ऋण प्राप्त भइरहेको छ । कोषले नगरपालिकाको मागअनुसार आधारभूत सामाजिक पूर्वाधार (खानेपानी तथा सरसफाइ क्षेत्रबाहेक)का आयोजनाहरूमा ६.५% र आयमूलक आयोजनाहरूका लागि ७.५ प्रतिशत ब्याजदरमा २० वर्षमा ऋण चुक्ता हुने गरी दीर्घकालीन ऋण लगानी गर्दै आएको छ । यस आयोजनाअन्तर्गत कोषले आ.व. ०८०।८१ सम्म रु. १ अर्ब ५८ करोड ऋण लगानी गरिसकेको छ ।

***(ii) नगर विकास कार्यक्रम (Town Development Program)***

**नगरपालिकामा सामाजिक तथा आयमूलक पूर्वाधारमा मिश्रित लगानी विधिबाट अनुदान परिचालन कार्यक्रम :**

स्थानीय तहमा सञ्चालन हुने सामाजिक तथा आयमूलक शहरी पूर्वाधारका निर्माण आयोजना, आयोजना अध्ययन, सुपरिवेक्षण तथा स्थानीय तहहरूको क्षमता अभिवृद्धिका कार्यक्रमहरूमा मिश्रित लगानी विधिमा अनुदान प्रवाह हुने गरी शहरी विकास मन्त्रालयअन्तर्गत प्राप्त हुने अनुदानबाट सञ्चालन भइरहेको छ । कोषको लगानी विनियमावलीअनुसार स्थानीय तहको वर्गीकरणका आधारमा आयमूलक पूर्वाधार निमार्णका आयोजनाहरूमा आयोजना लागतको ५% देखि २०% सम्म र आधारभूत सामाजिक पूर्वाधार निर्माणका आयोजनाहरूमा १०% देखि ३०% सम्म अनुदान परिचालन गरिन्छ । स्थानीय तहहरूबाट प्रस्तावित सम्भाव्य आयोजनाको अध्ययन तथा निर्माण सुपरिवेक्षणका लागि लागतको ७०% देखि ९०% सम्म अनुदान प्रवाह गरिन्छ ।

***(iii) शहरी खानेपानी तथा सरसफाइ आयोजना (Urban Water Supply and Sanitation Sector Project -UWSSSP)***

एसियाली विकास बैङ्कको सहयोगमा नेपालका विभिन्न शहरहरूमा सुरक्षित खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन नगर विकास कोषबाट २५ प्रतिशत, उपभोक्ताबाट ५ प्रतिशत र नेपाल सरकारबाट ७० प्रतिशत अनुदान लगानी हुने गरी सञ्चालन भइरहेको यस आयोजनाको कुल लगानी रु. १७ करोड ८५ लाख अमेरिकी डलरमध्ये छनोट भएका २० ओटा आयोजनाका लागि कोषमार्फत रु. १ करोड ९० लाख अमेरिकी डलर ऋण लगानी हुने प्रावधान रहेको छ । यो कार्यक्रम आ.व. ०८१।८२ देखि सम्पन्न हुन गइरहेको छ । आ.व. ०८०।८१ सम्ममा यस कार्यक्रमअन्तर्गत खानेपानीका आयोजनाहरूमा रु. २ अर्ब ११ करोड ऋण लगानी भइसकेको छ ।

***(iv) सहलगानी खानेपानी तथा सरसफाइ आयोजना (Co-Finance Water Supply and Sanitation Project)***

एसियाली विकास बैङ्कको सहयोगमा ७० ओटा साना शहरमा व्यवस्थित तथा सुरक्षित खानेपानी तथा सरसफाइ आयोजनाको सफल कार्यान्वयन र प्रभावकारितालाई मध्यनजर गरी नेपाल सरकारको लगानी, कोषको ऋण तथा उपभोक्ता संस्थाको सहलगानीमा खानेपानी तथा सरसफाइ कार्यक्रम (सहलगानी) सञ्चालनमा रहेको छ । यस कार्यक्रमअन्तर्गत नेपाल सरकारले छनोट गरेका साना शहरमा खानेपानी आपूर्तिका आयोजना सञ्चालनका लागि कोषबाट बढीमा २५ प्रतिशत ऋण लगानी, उपभोक्ताबाट ५ प्रतिशत नगद योगदान र नेपाल सरकारबाट ७० प्रतिशत अनुदान लगानी हुने व्यवस्था रहेको छ । आ.व. ०८०।८१ सम्ममा यस कार्यक्रमअन्तर्गत खानेपानीका आयोजनाहरूमा रु. ८७ करोड ऋण लगानी भइसकेको छ ।

### *(v) शहरी उत्थानशीलता तथा जीवनयापन सुधार आयोजना (Urban Resilience and and Livability Improvement Project -URLIP)*

शहरी उत्थानशीलता तथा जीवनयापन सुधार आयोजना (Urban Resilience and Livability Improvement Project -URLIP) नगरपालिकाको पूर्वाधार विकास तथा शासन व्यवस्थामा सुधार गरी समावेशी आर्थिक वृद्धि र जीवनयापनमा सुधार ल्याउने उद्देश्यले सञ्चालन गर्ने गरी नेपाल सरकार र एसियाली विकास बैङ्कबीच जनवरी १७, २०२४ मा ऋण एवम् अनुदान सम्झौता सम्पन्न भएको छ । यस कार्यक्रम सञ्चालनका लागि नेपाल सरकार, एसियाली विकास बैङ्क, नगर विकास कोष र सहभागी पालिका (पोखरा महानगरपालिका, जनकपुरधाम उपमहानगरपालिका, देवदह, सैनामैना, लुम्बिनी सांस्कृतिक, सिद्धार्थनगर तथा तिलोत्तमा नगरपालिकाबीच आयोजना सम्झौता एवम् उपआयोजना सम्झौता सम्पन्न भएको छ ।

आयोजनाको कुल लागत २०७.५ मिलियन अमेरिकी डलरमध्ये सहभागी नगरपालिकामा सञ्चालन हुने आयोजनाको Civil works तर्फको १८ प्रतिशतसम्मको लागत नगर विकास कोषबाट सम्बन्धित नगरपालिकाहरूमा ऋण लगानी हुनेछ । नेपाल सरकार, अर्थ मन्त्रालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र नगर विकास कोषबीच मिति २०८१ जेठ ३० मा कोषलाई अमेरिकी डलर २३,१५०,००० बराबरको रकम नेपाली मुद्रामा सहायक ऋणका रूपमा उपलब्ध गराउने सम्बन्धमा सहायक ऋण सम्झौता सम्पन्न गरिएको छ ।

### *(vi) नयाँ शहर आयोजना (New Town Project)*

शहरी विकास तथा भवन निर्माण विभागबाट कार्यान्वयनमा रहेको नयाँ शहर आयोजनाअन्तर्गतका जग्गा एकीकरण आयोजना (Land Pooling Project) हरूमा नगर विकास कोषको ऋणसमेत परिचालन हुने गरी शहरी विकास तथा भवन निर्माण विभाग, नयाँ शहर आयोजना समन्वय कार्यालय र नगर विकास कोषबीच Memorandum of Understanding (MoU) सम्पन्न भएको छ ।

### *(vii) वैदेशिक सहायताअन्तर्गतका प्रस्तावित कार्यक्रम*

- एकीकृत शहरी खानेपानी तथा सरसफाइ आयोजना (Integrated Urban Water Supply and Sanitation Sector Project -IUWSSSP) : एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालन हुने एकीकृत शहरी खानेपानी तथा सरसफाइ आयोजनाको अवधारणा तथा आयोजनाको सञ्चालन तथा व्यवस्थापनका लागि प्रस्तावित संस्थागत संरचना सम्बन्धमा कोष र एडिबीबीच छलफल भई आवश्यक प्रक्रियागत कार्य अगाडि बढाइएको छ ।
- फिनल्यान्ड सरकारको Public Investment Facility (PIF) को स्रोत कोषबाट खानेपानी तथा Waste Water Treatment तथा Faecal Sludge Management आयोजनाहरूमा परिचालन गर्ने सम्बन्धमा प्रस्ताव शहरी विकास मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पेस गरिएको छ ।
- World Bank Group अन्तर्गतको International Finance Corporation (IFC) सँगको सहकार्यमा ६ ओटा महानगरपालिकामा शहरी पूर्वाधार विकास तथा निर्माणका लागि निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न आवश्यक तयारीका लागि कोषबाट प्राविधिक सहयोग परिचालन गर्नेसम्बन्धी प्रस्ताव शहरी विकास मन्त्रालयमार्फत आवश्यक सहमतिका लागि अर्थ मन्त्रालय पेस गरिएको छ ।

## (ङ) हरित जलवायु कोष (Green Climate Fund) सँगको मान्यता

नेपाल सरकार, अर्थ मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय निकाय National Designated Authority-NDA को हरित जलवायु कोष प्राविधिक समितिको मिति २०७४।०७।१९ को निर्णयानुसार नगर विकास कोषलाई Direct Access Entity का लागि आवेदन गर्न छनोट भई कोष हरित जलवायु कोषको मानक संस्था (Accreditation Institution) का रूपमा स्थापित गर्ने कार्यको प्रथम चरणको अन्तिम अवस्थामा रहेको छ ।

कोषलाई हरित जलवायु कोष (GCF) को मान्यता (Accreditation) प्राप्त भएपश्चात् जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका पूर्वाधार विकासका लागि अनुदान, सरल ऋण (Concessional Loan) र ग्यारेन्टी (Guarantee) का रूपमा प्रतिआयोजनाका लागि अमेरिकी डलर ५० देखि २५० मिलियनसम्मका स्रोत पहुँच गर्न सकिने अवसर प्राप्त हुनेछ ।

# भाग २ : सम्बन्धित कानुनी दस्तावेज, राष्ट्रिय विकास एजेन्डा र वित्तीय आवश्यकताको समीक्षा

देशमा पूर्वाधार विकास, आर्थिक क्रियाकलाप, औद्योगिकीकरण र बसाइँसराइलगायतका शहरी विकासका प्रमुख संवाहकहरूको वृद्धिसँगै शहरीकरण बढ्दै गएको छ । शहरीकरणसँग शहरी योजना तथा व्यवस्थापनको क्षेत्रमा थुप्रै चुनौती थपिएका छन् भने व्यवस्थित शहर निर्माणको अवसरसमेत सिर्जना भएको छ । विद्यमान शहरलगायत भविष्यमा निर्माण हुने शहरमा शहरी सुविधाहरूको पर्याप्त उपलब्धतासहित शहरी जीवनस्तरमा सुधार ल्याउन गुणस्तरीय, वातावरणमैत्री र दिगो शहरी पूर्वाधार निर्माण, विकास तथा विस्तारमा ठूलो लगानीको आवश्यकता रहेको छ ।

दीर्घकालीन सोच २१०० ले तय गरेका समृद्धि र सुखका मूलभूत तत्त्वहरूलाई आत्मसात् गर्दै सोह्रौं योजनाले सुशासन, समाजिक न्याय र समृद्धिको सोच राखेको छ । व्यवस्थित, समावेशी र समृद्ध शहर निर्माणको दूरदृष्टिसहित सरकारले सरोकारवालासँगको समन्वय र सहकार्यमा शहरी योजना निर्माण, नियमन र व्यवस्थापनका उपयुक्त माध्यममार्फत उत्थानशील शहरी पूर्वाधारमा पहुँच विस्तार गर्ने उद्देश्यले नयाँ राष्ट्रिय शहरी नीति, २०८१ तर्जुमा गरिएको छ ।

राष्ट्रिय शहरी रणनीति, २०७३ ले विद्यमान शहरीकरण र क्षेत्रीय स्रोतको सम्भाव्यातका आधारमा भौतिक पूर्वाधार, वातावरण, अर्थतन्त्र र शासनको वर्तमान अवस्थाको आकलनसहित शहरी क्षेत्रको विकास र व्यवस्थापनका लागि आवश्यक पूर्वाधारमा लगानीका लागि प्राथमिकताका पहलहरूको पहिचान गरेको छ ।

नेपालमा सङ्घीय शासन प्रणाली अवलम्बन गरिएसँगै तीन तहका सरकारबीच गरिएको राज्यशक्तिको बाँडफाँटलाई वास्तविक अर्थमा कार्यान्वयन गर्न देशमा उपलब्ध प्राकृतिक एवम् वित्तीय स्रोतहरूको न्यायोचित वितरण सुनिश्चित गर्न नेपालको संविधानमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरिएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सङ्घ, प्रदेश र स्थानीय तहका सरकारबीच हुने राजस्वको बाँडफाँट, वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान तथा आन्तरिक ऋण र प्राकृतिक स्रोतको बाँटफाँटका सम्बन्धमा सिफारिस गर्ने कार्य गर्छ ।

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामार्फत दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने लक्ष्य राखेको छ । राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर तथा उन्नतिशील बनाउँदै विक्रम संवत् २१०० सम्ममा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गर्ने दीर्घकालीन सोच तयार गरिएको छ । त्यस्तै सार्वजनिक-निजी तथा सहकारी क्षेत्रको सक्रिय सहभागितामा २०८३ (सन् २०२६) मा नेपाललाई अतिकम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र २०८७ (सन् २०३०) सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुऱ्याउने लक्ष्य तय गरिएको छ । सोही आधारमा पाँच वर्ष (२०८१।८२ देखि २०८५।८६) अवधिमा कार्यान्वयन गर्ने गरी सोह्रौं) योजना तर्जुमा गरिएको छ ।

## २.१ नेपालको संविधान एवम् कानुनी संरचना

नेपालको संविधानले देशलाई ७ प्रदेश र ७ सय ५३ स्थानीय तहमा विभाजन गरी यी सबै तहमा राज्यका शासकीय अधिकार निक्षेपण (Devolve) गरेको छ । सङ्घीय संविधानअन्तर्गत स्थानीय शासकीय संरचनामा पनि व्यापक परिवर्तन भई झन्डै चार हजार स्थानीय निकायको सट्टा ७ सय ५३ तहमा रूपान्तरण भएको छ । यीमध्ये अहिले २९३ नगरपालिका (६ महानगर, ११ उपमहानगर र २७६ नगर) तथा ४ सय ६० गाउँपालिका छन् । विशेष गरी संविधानको अनुसूची ६ र ८ ले क्रमशः प्रदेश र स्थानीय तहलाई तोकिदिएको विकासको क्षेत्राधिकारले उनीहरूको खर्चको जिम्मेवारीलाई पनि उल्लेख्य रूपमा वृद्धि गरेको छ । तर त्यसको तुलनामा उनीहरूको आफ्नै आम्दानीको स्रोत (Own Source Revenue–OSR) निकै कमजोर छ । पूर्वाधार विकासको मागको आवश्यकता पूरा गर्न ऋणले स्थानीय तहलाई धेरै हदसम्म सघाउनुका साथै पूर्वाधार विकासले आम्दानीको स्रोत बढाउन मद्दत गर्छ ।

नेपालको संविधानको धारा ११५ र २२६ ले क्रमशः प्रादेशिक र स्थानीय सरकारले आवश्यक कानुन बनाएर ऋण उठाउन पाउने व्यवस्था गरेको छ । साथै संविधानको धारा २५१ को उपधारा १(च) तल्ला शासकीय तहका सरकारलाई कर्जा लिन वा ऋण उठाउन प्रदान गरिएको सबैभन्दा महत्त्वपूर्ण संवैधानिक अधिकार हो ।

## २.२ दीर्घकालीन सोच, २१००

दीर्घकालीन विकास रणनीतिको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रलाई अत्मनिर्भर तथा उन्नतिशील बनाउँदै विक्रम संवत् २१०० सम्ममा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गर्ने दीर्घकालीन सोचलाई आवधिक योजनामा आन्तरिकीकरण गर्न नेपाल सरकारले २५ वर्षे दीर्घकालीन सोच (२०७६ देखि २१००) आगाडि सारेको छ । दीर्घकालीन सोच, २१०० को देहायबमोजिमको राष्ट्रिय लक्ष्य रहेको छ :

### दीर्घकालीन राष्ट्रिय लक्ष्य

१. सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता
२. मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग
३. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व
४. उच्च र समतामूलक राष्ट्रिय आय
५. परिष्कृत तथा मर्यादित जीवन
६. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज
७. स्वस्थ र सन्तुलित पर्यावरण
८. सुशासन
९. सबल लोकतन्त्र
१०. राष्ट्रिय एकता, सुरक्षा र सम्मान

## २.३ सोह्रौं योजना (आर्थिक वर्ष २०८१।८२ देखि २०८५।८६)

दीर्घकालीन सोच २१०० ले तय गरेका समृद्धि र सुखका मूलभूत तत्त्वहरूलाई आत्मसात् गर्दै सोह्रौं योजनाले सुशासन, समाजिक न्याय र समृद्धिको सोच राखेको छ । सुशासनमार्फत नै सामाजिक न्याय हासिल गर्न सकिनेमा जोड दिँदै आमनागरिक आफ्नो जीवनमा अनुभूत गर्न सक्ने विकास र सुशासन हासिल गर्नु योजनाको मूल उद्देश्य रहेको छ ।

### सोह्रौं योजनाको प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छन्

१. राजनीतिक, प्रशासनिक, न्यायिक, निजी ता गैरसरकारी क्षेत्रमा सुशासन कायम गर्नु,
२. स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहमा सामाजिक न्याय स्थापित गर्नु,
३. मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु ।

सोह्रौं योजनाले लिएको सुशासन, समाजिक न्याय र समृद्धिको सोचअनुसार रूपान्तरणकारी रणनीति र प्रमुख हस्तक्षेपकारी कार्यक्रमहरू कार्यान्यन गर्दा योजना अवधिमा समृद्धिको राष्ट्रिय लक्ष्यप्राप्तिलाई देहाय तालिका नं. २ अनुसार प्रमुख सूचकहरूका आधारमा मापन गरिनेछ :

तालिका नं. २ : सोह्रौं योजनाले लिएको सुशासन, सामाजिक न्याय र समृद्धिको सोचअनुसार समृद्धिको लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | आ.व. ०७९/८० को स्थिति | आ.व. ०८५/८६ को स्थिति |
|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | ३.५ | ७.३ |
| २ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४५६ | २३५१ |
| ३ | गरिबी रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३ | १२.० |
| ४ | उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ७.७ | ५.० |
| ५ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०१ | ०.६५० |
| ६ | मानव सम्पत्ति सूचकाङ्क | सूचकाङ्क | ७६.३ | ७८.० |
| ७ | आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क | सूचकाङ्क | २९.७ | २४.० |
| ८ | साक्षरता दर (५ वर्षमाथि) | प्रतिशत | ७६.२ | ८५.० |
| ९ | अपेक्षित आयु | वर्ष | ७१.३ | ७३.० |
| १० | ३० मिनेटको दूरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार | प्रतिशत | ७७ | ९० |
| ११ | उच्च मध्यमस्तरको खानेपानी पहुँच भएको घरपरिवार | प्रतिशत | २५.८ | ४५ |
| १२ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ५.० |
| १३ | श्रम उत्पादकत्व | रु. हजारमा | २४५ | २७५ |
| १४ | कृषि वस्तुको औसत उत्पादकत्व | मे.ट.प्रति हेक्टर | ३.३ | ३.७ |
| १५ | बैङ्क तथा वित्तीय संस्थामा पहुँच पुगेको परिवार | प्रतिशत | ६३ | ८५ |
| १६ | सडक घनत्व | कि.मि.प्रति व.कि.मि. | ०.६३ | ०.७७ |
| १७ | विद्युत् उत्पादन (जलविद्युत् तथा वैकल्पिक ऊर्जाजडित क्षमता) | मेगावाट | २९६२ | ११७६९ |
| १८ | प्रतिव्यक्ति विद्युत् उपभोग | किलोवाट घण्टा | ३८० | ७०० |
| १९ | विद्युत्मा पहुँच पुगको जनसङ्ख्या | प्रतिशत | ९६.७ | १०० |
| २० | इन्टरनेटमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ६९.२ | ९० |

**सोह्रौं योजनाको लक्ष्य हासिल गर्न संरचचनागत रूपान्तरणका लागि देहायबमोजिमका क्षेत्रहरू पहिचान गरिएको छ** :

१. समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धि
२. उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि
३. उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा
४. स्वास्थ्य, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण
५. गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तरआबद्धता
६. योजनाबद्ध, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकास
७. लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज
८. प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास
९. गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण
१०. प्रभावकारी वित्त व्यवस्थापन तथा पुँजी खर्च क्षमता अभिबृद्धि
११. शासकीय सुधार तथा सुशासन प्रवर्द्धन
१२. जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र
१३. अतिकम विकसित मुलुकबाट सहज स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयन ।

सोह्रौं योजनाको लक्ष्य हासिल गर्न संरचनागत रूपान्तरणका लागि पहिचान गरिएको योजनाबद्ध, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकासको लक्ष्य हासिल गर्न देहायबमोजिमको रूपान्तरणकारी रणनीति अवलम्बन गरिनेछ :

- राष्ट्रिय तथा प्रादेशिक शहरी प्रणालीको सुदृढीकरण गर्ने ।
- दिगो, सुरक्षित र उत्थानशील शहर तथा शहरी पूर्वाधार निर्माण गर्ने ।
- लगानी व्यवस्थापन तथा प्रविधि विकास गर्ने ।
- अन्तरतह समन्वय तथा शहरी सुशासन प्रणाली विकास गर्ने ।

## सोह्रौं योजनामा लगानी प्रक्षेपण

सोह्रौं योजना तय गरेको आर्थिक वृद्धिदर हासिल गर्न योजना अविधमा कुल लगानी रु. १११ खर्ब ८४ अर्ब २३ करोड आवश्यक पर्ने अनुमान गरिएको छ । उक्त लगानीलाई सार्थक बनाउन सरकारी तथा सार्वजनिक संस्था र निजी क्षेत्रबाट प्राप्त स्रोतहरू परिचालन हुनेछन् । परम्परागत स्रोतहरूबाट मात्र आवश्यक लगानी पूर्ति गर्न अपर्याप्त हुने हुँदा नयाँ वैकल्पिक स्रोतहरूको समेत पहिचान गरिएको छ । पराम्परागत स्रोतहरूका रूपमा सरकारी राजस्व, वैदेशिक सहायता, सार्वजनिक ऋण, निजी क्षेत्रले गर्ने सेयर पुँजी तथा कर्जा लगानी रहनेछन् भने वैकल्पिक स्रोतका रूपमा पत्यक्ष वैदेशिक लगानी, सार्वजनिक-निजी साझेदारी, मिश्रित लगानी, आयोजना विकास ऋणपत्र, प्राकृतिक स्रोतको भण्डारबाट आय प्रवाह, वित्त परिचालन, जलवायु वित्त, कार्बन कर र विभिन्न सार्वजनिक संस्थानका कोषमा रहेको स्रोत परिचालन हुने अनुमान गरिएको छ ।

योजना अवधिमा हुने कुल लगानीमध्ये सार्वजनिक क्षेत्रबाट रु. ३३ खर्ब ७७ करोड, निजी क्षेत्रबाट रु. ७५ खर्ब १५ अर्ब ८० करोड र सहकारी तथा सामुदायिक क्षेत्रबाट रु. २ खर्ब ९० अर्ब ७९ करोड लगानी (प्रचलित मूल्यमा) हुने अनुमान गरिएको छ । यसअनुसार कुल लगानीमा यी तीन क्षेत्रको योगदान ३०.२ प्रतिशत, ६७.२ प्रतिशत र २.६ प्रतिशत रहने अनुमान गरिएको छ ।

**तालिका नं. ३ : सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट हुने लगानी (रु. करोडमा)**

| क्र.स. | लगानीको क्षेत्र | सार्वजनिक | निजी | सहकारी | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्राथमिक क्षेत्र (कृषि, वन तथा मत्स्यपालन, खानी तथा उत्खनन) | २०२४१ | ५१०१६ | ३९८८ | ७५२४५ |
| २ | द्वितीय क्षेत्र (उत्पादनमूलक उद्योग, विद्युत्, ग्यास, वाष्प तथा वातानुकिलत आपूर्ति सेवा, पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनर्उत्पादनका क्रियाकलापहरू, निर्माण) | ११९३९१ | १६०४२३ | ५१२९ | २८४९४३ |
| ३ | सेवा | १४९३७२ | ४२४००४ | १४७०२ | ५८८०७८ |
| | **कुल लगानी (आ.व. २०८०/२१ को मूल्यमा)** | २८६३७६ | ६३७२३५ | २४६५५ | ९४८२६६ |
| | **कुल लगानी (प्रचलित मूल्यमा)** | ३३७७६४ | ७५१५८० | २९०७९ | १११८४२३ |

कोषको व्यावसायिक योजनाका लक्ष्यहरू, रणनीतिहरू निर्धारण गर्दा सोह्रौं योजनाद्वारा निर्धारित लक्ष्यहरूसमेत ध्यानमा राखिएको छ ।

## २.४ राष्ट्रिय शहरी नीति, २०८१

व्यवस्थित, समावेशी र समृद्ध शहर निर्माणको दूरदृष्टिसहित सरकारले सरोकारवालासँगको समन्वय र सहकार्यमा शहरी योजना निर्माण, नियमन र व्यवस्थापनका उपयुक्त माध्यममार्फत उत्थानशील शहरी पूर्वाधारमा पहुँच विस्तार गर्ने उद्देश्यले नयाँ राष्ट्रिय शहरी नीति, २०८१ ल्याएको छ । सन् २०३६ भित्र नेपालका शहरी क्षेत्रहरूको शहरी पूर्वाधार अवस्था सूचक कम्तीमा ५० प्रतिशत हुने गरी औसतमा १५ प्रतिशतले वृद्धि गर्ने लक्ष्यलाई नीतिले अघि बढाएको छ ।

राष्ट्रिय शहरी नीति, २०८१ मा यस नीतिको प्रभावकारी कार्यान्वयन गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहको वार्षिक कार्यक्रममका रूपमा विनियोजित हुने बजेट तथा कार्यक्रमहरूबाट स्रोत व्यवस्थापन गरिने, नगर विकास कोषको

पुनर्संरचनासहित शहरी पूर्वाधारका लागि थप पुँजी परिचालन गरिने, शहरी लगानीका लागि वैकल्पिक स्रोतहरू, साझेदारी, हरित एवम् जलवायु लगानी, घरजग्गाको भ्यालु क्याप्चर तथा पुनर्समायोजन र अन्य वित्तीय उपकरणहरूको परिचालन गरिने उल्लेख गरिएको छ ।

राष्ट्रिय शहरी नीति, २०८१ ले विभिन्न अन्तर्राष्ट्रिय हरित वित्तीय संस्थाहरूको स्रोतमाथिको पहुँच स्थापित गरी हरित पूर्वाधार विकासमा लगानी गर्न नगर विकास कोषलाई हरित लगानीवाहक (Green Financing Vehicle) का रूपमा प्रवर्द्धन तथा परिचालन गरिने उल्लेख गरिएको छ ।

शहरी नीतिले बजार केन्द्र, साना शहर, मझौला शहरलगायत ठूला शहरी आर्थिक केन्द्र समेटिएको समग्र शहरी प्रणालीको योजना, विकास र व्यवस्थापनलाई महत्त्वका साथ हेरिएको छ । पूर्वाधार मागको तुलनामा शहरी लगानी अझै अपर्याप्त रहेको अवस्थामा निजी तथा सार्वजनिक क्षेत्रसँगको लगानी, प्रविधि र कार्यात्मक साझेदारीमा अगाडि बढ्नुपर्ने, शहरी संरचनामा सन्तुलन र शहरी प्रणालीमा परिपक्वता ल्याउनुनपर्ने, राज्यको तीन ओटै तहका सरकारको समन्वय र सहकार्यमा सेवा-सुविधामा पहुँच बढाउनुपर्ने, शहरीकरणको व्यवस्थापनमार्फत भविष्यमा शहरहरू आकर्षणको केन्द्र बनाउनुपर्नेमा नीतिको जोड छ । साथै शहर र बस्तीहरूको सञ्जालमार्फत वस्तु र सेवाहरूको विनिमयद्वारा राष्ट्रिय अर्थ प्रणालीमा सकारात्मक परिवर्तन लयाउनुपर्ने नीतिले जोड दिएको छ ।

शहरी विकासको दूरदृष्टि, लक्ष्य र उद्देश्यको परिधिभित्र रही राष्ट्रिय शहरी नीति, २०८१ ले देहायबमोजिमका नीति लिएको छ :

नीति १: समुन्नत राष्ट्रिय शहरी प्रणाली र शहरीस्वरूप विकास गर्ने
नीति २: उत्थानशील शहरी पूर्वाधार पहुँच विस्तार गर्ने,
नीति ३: व्यवस्थित शहरी विकासका लागि स्रोत-साधनको उच्चतम परिचालन गर्ने र
नीति ४: अन्तरक्षेत्रगत समन्वय र शहरी सुशासन अभिवृद्धि गर्ने ।

व्यवस्थित शहरी विकासका लागि स्रोत-साधनको उच्चतम परिचालनका लागि यस राष्ट्रिय शहरी नीतिले प्राथमिकताका आधारमा तीनै तहको सरकारको स्रोत-साधनलाई प्रभावकारी रूपमा परिचालन गर्ने, वैकल्पिक वित्तीय उपकरणहरू र स्रोत-साधन परिचालन गर्ने, शहरी पूर्वाधारको डिजाइन, निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी, सहकारी, वित्तीय, संस्थागत क्षेत्र, स्वदेशी तथा वैदेशिक क्षेत्र र समुदायको साझेदारीलाई प्रोत्साहन र परिचालन गर्ने र अनौपचारिक क्षेत्रका आर्थिक क्रियाकलाप र रोजगारीलाई शहरी विकासमा आबद्ध गरिने कार्यलाई प्राथकिताका साथ उल्लेख गरिएको छ ।

यस नीतिको लक्ष्य तथा उद्देश्यप्राप्तिका लागि सङ्घ, प्रदेश र स्थानीय तहहरूको जिम्मेवारीसमेत किटानसमेत गरिएको छ । नीति कार्यान्वयनका लागि आवश्यक समन्वय तथा अनुगमन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा परिषद् तथा समितिहरूको व्यवस्था गरेको छ । शहरी विकासको काम एकीकृत तथा समन्वयात्मक रूपमा गर्न-गराउन शहरी विकासमन्त्रीको अध्यक्षतामा २२ सदस्यीय 'राष्ट्रिय शहरी विकास (समन्वय) परिषद्' र शहरी विकाससम्बन्धी आयोजना तथा परियोजनाको काम-कारबाहीलाई एकीकृत रूपमा गर्न-गराउन, अनुसन्धान एवम् नवप्रवर्तनलाई प्रोत्साहन गर्न तथा विभिन्न दातृ एवम् साझेदार निकायको सहयोगलाई शहरी विकासमा अधिकतम उपयोग गर्न शहरी विकास मन्त्रालयका सचिवको अध्यक्षतामा १९ सदस्यीय 'शहरी विकास राष्ट्रिय निर्देशक समिति'को व्यवस्था गरेको छ । यस समितिमा नगर विकास कोषका कार्यकारी निर्देशक पनि सदस्य रहने प्रावधान रहेको छ ।

राष्ट्रिय शहरी नीति, २०८१ कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहको वार्षिक कार्यक्रममका रूपमा विनियोजित हुने बजेट तथा कार्यक्रमहरूबाट स्रोत व्यवस्थापन गरिने, नगर विकास कोषको पुनर्संरचनासहित शहरी पूर्वाधारका लागि थप पुँजी परिचालन गरिने, शहरी लगानीका लागि वैकल्पिक स्रोतहरू, साझेदारी, हरित एवम् जलवायु लगानी, घरजग्गाको भ्यालु क्याप्चर तथा पुनर्समायोजन र अन्य वित्तीय उपकरणहरूको परिचालन गरिने उल्लेख गरिएको छ ।

## २.५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ अनुसार कुनै पनि गाउँपालिका र नगरपालिकाले कानुनबमोजिम बाहेक कुनै पनि कर सङ्कलन गर्न र ऋण उठाउन नपाउने व्यवस्था छ । दफा ६६ मा स्थानीय सरकारहरूले आम्दानीको

अनुमान र बजेटको सीमा तोक्दा अन्य आम्दानीका अतिरिक्त ऋणको प्रक्षेपण पनि बजेटमा समावेश गर्न एउटा समितिको व्यवस्था गरेको छ । स्थानीय तहको ऋण परिचालनका सन्दर्भमा यो ऐनको सबैभन्दा महत्त्वपूर्ण दफा ६८ मा गाउँपालिका वा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृति गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आय वृद्धि तथा पुँजीगत कार्यका लागि ऋण लिन सक्ने प्रावधान रहेको छ ।

## २.६ सार्वजनिक-निजी साझेदारी र लगानी ऐन, २०७५

पूर्वाधार निर्माण र सेवा प्रदान गर्न सार्वजनिक-निजी साझेदारीलाई प्रवर्द्धन गर्ने उद्देश्य लिएको यस कानुनले तीनै तहका सरकारलाई समान परिभाषामा राखेर स्थानीय तहको सरकारलाई पनि सार्वजनिक क्षेत्रका रूपमा लगानी साझेदार हुन पाउने व्यवस्था गरेको छ । ऐनको उपदफा १ (ध)ले प्रादेशिक र स्थानीय सरकारलाई विकास, लगानीकर्ता वा सहुलियत सम्झौताहरूमा समान साझेदार बन्ने वैधानिक हैसियत दिएको छ ।

यस ऐनको दफा ४ बमोजिम सार्वजनिक-निजी साझेदारी परियोजनाको कार्यान्वयन प्रचलित सङ्घीय कानुनबमोजिम स्थानीय तहको कार्यक्षेत्रमा परेका परियोजना भए सम्बन्धित स्थानीय तह र प्रचलित सङ्घीय कानुनबमोजिम प्रदेश तहको कार्यक्षेत्रमा परेको परियोजना भए सम्बन्धित प्रदेश सरकारबाट हुने प्रावधान रहेको छ ।

## २.७ महालेखा परीक्षकको ६१औँ वार्षिक प्रतिवेदन, २०८१

यस प्रतिवेदनका अनुसार आ.व. ०७९।८० मा लेखा परीक्षण भएका ७४६ स्थानीय तहका कुल रु. ६ खर्ब ७१ अर्ब ९४ करोड आम्दानीमध्ये रु. ५ खर्ब ७७ अर्ब ८० करोड खर्च भएकोमा चालू खर्च रु. २ खर्ब ९९ अर्ब ५० करोड ६३ लाख (५१.८३ प्रतिशत), पुँजीगत खर्च रु. १ खर्ब ७० अर्ब ७३ करोड (२९.५५ प्रतिशत) र वित्तीय व्यवस्था तथा अन्यतर्फ रु. १ अर्ब ७ अर्ब ५६ करोड (१८.६२) खर्च भएको छ ।

स्थानीय तहको कुल खर्चमध्ये पुँजीगत खर्च २९.५५ प्रतिशत मात्र रहेको छ । यसरी हेर्दा वार्षिक पूर्वाधारका लागि नपुग (Fiscal Gap) रकम औसत करिब रु. १ खर्ब ९७ अर्बको देखिन्छ ।

## २.८ नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८०

शहरीकरणको विस्तार सँगसँगै शहरी पूर्वाधार निर्माणको आवश्यकता माग र वित्तीय स्रोत आपूर्तिबीच ठूलो खाडल भएको परिपेक्ष्यमा कोषले वैकल्पिक स्रोत परिचालन गर्ने संस्थाका रूपमा बलियो पहिचान गराएकाले कोषको महत्त्व र कार्यक्षेत्रलाई मध्यजनर राखी नेपाल सरकारले कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचनासम्बन्धी रणनीतिपत्र, २०८० स्वीकृत भई सोहीबमोजिम नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८० शहरी विकास मन्त्रालयमार्फत संसद्बाट स्वीकृतिको प्रक्रियामा रहेको छ । कोषको कार्यक्षेत्र विस्तृतीकरण र पुँजी पुनर्संरचना गर्नुपर्ने कारणहरू देहायबमोजिम रहेका छन् :

- नगर विकास कोषलाई सङ्घ, प्रदेश र स्थानीय तह एवम् वित्तीय संस्थाहरूको समेत स्वामित्व रहने गरी पुनर्संरचना गरी पूर्वाधार विकासमा वैकल्पिक पुँजी परिचालन गर्ने सक्षम संस्थाका रूपमा सञ्चालन गर्न कानुनी प्रबन्धका लागि नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट मिति २०८०।०१।२६ मा 'नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचना रणनीतिपत्र' स्वीकृत भएको ।
- नेपाल सरकारको आ.व. २०७६/७७, आ.व. २०७७/७८, आ.व. २०७८/७९ र आ.व. २०७९/८०, २०८०।८१, ०८१।८२ को बजेट वक्तव्य तथा नेपाल सरकारले व्यवस्थापिका संसद्समक्ष प्रस्तुत गरेका विभिन्न वार्षिक कार्यक्रममा नगर विकास कोष ऐन, २०५३ अनुसार स्थापित नगर विकास कोषलाई कोषलाई पुनर्संरचना गरी पूर्वाधार विकासमा वैकल्पिक पुँजी परिचालन गर्ने सक्षम संस्थाका रूपमा पुनर्संरचना गरिने उल्लेख भएको ।
- सङ्घीय संरचनाअनुसार प्रदेश सरकार तथा स्थानीय तहमा शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने वित्तीय स्रोत परिचालन गर्न सक्ने व्यावसायिक वित्तीय संस्था बनाउन आवश्यक भएको ।

- कोषको विद्यमान ऐनमा पुँजी संरचनासम्बन्धी स्पष्ट व्यवस्था नभएको र शहरी पूर्वाधारहरूमा दीर्घकालीन ऋण परिचालन गर्न पुँजी वृद्धिसहित पुँजी संरचना आवश्यक भएको ।
- राष्ट्रिय शहरी नीति, २०८१ ले नगर विकास कोषको पुनर्संरचनासहित शहरी पूर्वाधारका लागि थप पुँजी परिचालन गरिने नीति लिएको ।
- राष्ट्रिय शहरी विकास रणनीति, २०७३ मा शहरी वित्त व्यवस्थाअन्तर्गत नगर विकास कोषलाई सबल वित्तीय संस्था बनाउन स्वपुँजी बढाउने उल्लेख भएको ।
- नेपाल सरकारसमक्ष पेस भएका विभिन्न अध्ययन प्रतिवेदनहरूमा नगर विकास कोषको पुँजी वृद्धिका लागि कानुनी व्यवस्थासहित पुनर्संरचना गर्ने, नगर विकास कोषले Sub- National Borrowing प्रदान गर्न सक्ने गरी पुनर्संरचना गर्ने तथा कोषलाई पुनर्संरचना गरी कम्तीमा रु. २० अर्बबराबर पुँजी संरचना बनाउनुपर्ने उल्लेख भएको ।

## प्रस्तावित नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८० का मुख्य-मुख्य विषयहरू :

- **क्षेत्राधिकार :**

  **नगर विकास कोष ऐन, २०५३ मा उल्लेख भएका क्षेत्राधिकारमा देहायबमोजिम थप हुनेछन् :**

  (क) प्रदेश सरकार र स्थानीय तह ।

  (ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहद्वारा सार्वजनिक-निजी साझेदारी अवधारणाअनुरूप छनोट वा सिफारिस भएका शहरी पूर्वाधार विकासका आयोजना ।

  (ग) नगर विकाससँग सम्बन्धित निकायद्वारा संयुक्त रूपमा सञ्चालित आयोजनाहरूको लगानी व्यवस्थापन र सञ्चालन गर्ने, गराउने ।

  (घ) शहरी पूर्वाधार विकाससम्बन्धी निकायलाई ऋण, अनुदान, सेयर वा त्यस्तै प्रकृतिको पुँजीगत लगानी ।

  (ङ) पूर्वाधार विकाससँग सम्बन्धित कुनै पनि बैङ्क, वित्तीय संस्था वा कम्पनीहरूबाट जारी भएको सेयर वा ऋणपत्रमा लगानी ।

  (च) नेपाल सरकारले जारी गरेको ऋणपत्र वा धितोपत्रमा लगानी ।

- **कोषको सेयर पुँजी संरचना र सेयरधनी :**

  (१) कोषको अधिकृत पुँजी रु. ५० अर्ब रुपैयाँ हुनेछ र सो रकमलाई एक सय रुपैयाँका दरले ५० करोड कित्ता सेयरमा विभाजन गरिनेछ ।

  (२) कोषको जारी पुँजी रु. ५० अर्ब रुपैयाँ र चुक्ता पुँजी रु. २० अर्ब रुपैयाँ हुनेछ र सो रकम देहायबमोजिम बाँडफाँट गरी वितरण गरिनेछ :

| | |
|---|---|
| (क) नेपाल सरकार | ५१ प्रतिशत |
| (ख) प्रदेश सरकार | १० प्रतिशत |
| (ग) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका | १५ प्रतिशत |
| (घ) गाउँपालिका | १० प्रतिशत |
| (ङ) नेपाल सरकारको स्वामित्व रहेका निगम, कोष, संस्थान, कम्पनी, बैङ्क र अन्तरर्राष्ट्रिय वित्तीय संस्था | १४ प्रतिशत |

- **लगानीको सुरक्षण :**

  कोषले ऋण लगानी गरेको सम्बन्धित निकाय वा कुनै संस्थाले ऋण चुक्ता गर्न असक्षम भएमा, विघटन भएमा वा नरहेमा त्यस्तो निकाय वा संस्थाको आयस्रोत, पूर्वाधार तथा नगर विकाससम्बन्धी राजस्व, नगद प्रवाह तथा जायजेथामा कोषको प्रथम हकदाबी हुनेछ ।

- **नियामक निकाय तोक्न सक्ने :**

  नेपाल सरकारले कोषको नियमन गर्न नेपाल राष्ट्र बैङ्कलाई नियामक निकाय तोक्न सक्नेछ ।

# भाग ३ : व्यावसायिक वातावरण विश्लेषण

## ३.१ सरोकारवालाहरूको पहिचान र विश्लेषण

विभिन्न सरोकारवालाहरूका आवश्यकता, चासो र अपेक्षाका आधारमा कोषका उद्देश्य र सेवाहरूलाई सरोकारवालाहरूका आकाङ्क्षासँग समायोजन गर्न मद्दत गर्ने हुँदा दिगो साझेदारी र प्रभावकारी स्रोत परिचालनका लागि सरोकारवालाहरूको पहिचान र विश्लेषण गरिएको छ । सरोकारवालाहरूका विशेष चासो सम्बोधन गरी कोषले आफ्ना गतिविधिहरूलाई प्राथमिकता दिन, अनुकूलित वित्तीय उत्पादनहरू तयार गर्न र शहरी पूर्वाधारमा लगानीका लागि एक प्रमुख वित्तीय संस्थाका रूपमा आफ्नो भूमिका सुदृढ बनाउन यस विश्लषणले महत्वपूर्ण आधार प्रदान गर्नेछ ।

**(क) सङ्घीय सरकार**

चासोः देशभरिका विकास गतिविधिहरूको प्रभावकारी अनुगमन र वित्तीय संरचनाको सुदृढीकरण ।

आकाङ्क्षाः नगर विकास कोषको पुनर्संरचनासहित शहरी पूर्वाधारका लागि थप पुँजी परिचालन गरिने ।

**(ख) प्रदेश सरकार**

चासोः कोषसँग सहकार्य र परियोजनाहरूका लागि वैकल्पिक वित्तीय उपकरणहरू र स्रोत-साधन परिचालन गर्ने ।

आकाङ्क्षाः प्रदेशस्तरीय विकास आयोजनाहरूका लागि साझेदारी गर्दै वित्तीय र प्राविधिक सहयोग प्राप्त गर्ने ।

**(ग) स्थानीय सरकार**

चासोः प्रभावकारी कर्जाको पहुँच र वित्तीय स्रोतको सुनिश्चितता ।

आकाङ्क्षाः आफ्नो आवश्यकताअनुसार सहुलियत कर्जा प्राप्त गरी स्थानीयस्तरमा विकास परियोजना कार्यान्वयन गर्ने ।

**(घ) निजी क्षेत्र**

चासोः निजी-सार्वजनिक साझेदारी (PPP) परियोजनाको सम्भावना र आयोजनाका लागि परामर्श सेवा उपयोग ।

आकाङ्क्षाः आयोजनाको पूर्व-अध्ययन, मूल्याङ्कन र निगरानीमा कोषको संरचना उपयोग, वित्तीय र प्राविधिक सहयोगमार्फत ठूला आयोजनाहरूको कार्यान्वयन ।

**(ङ) बैङ्क तथा वित्तीय संस्था**

चासोः राष्ट्रिय वित्तीय संस्थासँग सहकार्य गरी कन्सोटियम वा ब्रिज फाइनान्सिङका माध्यमबाट लगानी व्यववस्थापना र लगानी योग्य ठूला आयोजनाहरूको खोजी ।

आकाङ्क्षाः आयोजनाको पूर्व-अध्ययन, मूल्याङ्कन र निगरानीमा कोषको संरचना उपयोग, वित्तीय र प्राविधिक सहयोगमार्फत ठूला आयोजनाहरूको कार्यान्वयन र संस्थागत सामाजिक उत्तरदायित्व (CSR) गतिविधिलाई प्रभावकारी रूपमा परिचालन ।

**(च) सार्वजनिक संस्थान तथा निकाय**

चासोः सार्वजनिक-निजी साझेदारी आयोजनाहरूमा सहभागी हुने र राष्ट्रिय तथा स्थानीय विकास आयोजनाहरूको प्रभावकारी कार्यान्वयन ।

आकाङ्क्षाः वैकल्पिक वित्तीय उपकरण परिचालनमार्फत विकास परियोजनाहरूको कार्यान्वयन र दीर्घकालीन विकासका लागि सहकार्यका नयाँ अवसर खोज्ने ।

**(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था**

चासोः दीर्घकालीन विकास आयोजनाहरूमा सहकार्य र साझेदारी परियोजनाको खोजी ।

आकाङ्क्षाः वित्तीय र प्राविधिक विशेषज्ञताको उपयोग र ठूला आयोजनाहरूमा अन्तर्राष्ट्रिय मान्यताप्राप्त मानक लागू गर्नु ।

## ३.१ कोषको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरू :

नगर विकास कोष विगत ३६ वर्षदेखि विभिन्न आरोह-अवरोहका साथ स्थानीय तह, साना शहरी तथा नगर विकाससँग सम्बन्धित निकायहरूमा पूर्वाधार विकासमा दीर्घकालीन ऋण परिचालन र ऋण असुली जस्तो महत्त्वपूर्ण कार्यमा आफ्नो भूमिका निवाह गर्दै आर्जित गरेको अनुभव, कोषले आफ्ना उद्देश्य परिपूर्ति गर्ने क्रममा देखापरेका चुनौती एवम् सङ्घीयताको वर्तमान सन्दर्भमा, अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रणालीको अङ्गका रूपमा वैकल्पिक स्रोत परिचालनका लागि कोषको महत्त्व र आवश्यकतालाई विश्लेषण गर्दै कोषको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीलाई देहायबमोजिम प्रस्तुत गरिएको छ ।

### (क) कोषको सबल पक्ष (Strengths)

क. आफ्नै ऐनद्वारा सञ्चालित एक अविच्छिन्न उत्तराधिकारीवाला स्वशासित एवम् सङ्गठित संस्था ।

ख. शहरी पूर्वाधार लगानी गर्ने सरकारको एक मात्र वित्तीय मध्यस्तकर्ता संस्था ।

ग. शहरी पूर्वाधारका आयोजनाहरूमा ऋण लगानी र असुलीमा लामो अनुभव ।

घ. नेपाल सरकार मन्त्रिपरिषद्बाट कोषको अधिकृत पुँजी न्यूनतम ५० अर्ब रुपैयाँ, जारी पुँजी ५० अर्ब रुपैयाँ र चुक्ता पुँजी २० अर्ब रुपैयाँ कायम हुने गरी कोषको कार्यक्षेत्र विस्तृतीकरण र पुँजी पुनर्संरचनासम्बन्धी रणनीतिपत्रको स्वीकृति ।

ङ. नीति-निर्माण तहमा सङ्घीय सरकारका ३ ओटा महत्त्वपूर्ण मन्त्रालय शहरी विकास मन्त्रालय, अर्थ मन्त्रालय तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रतिनिधित्वसहित सातै ओटा प्रदेशको स्थानीय तहबाट प्रतिनिधित्व हुने गरी जनप्रतिनिधिको उपस्थिति ।

च. नेपाल सरकारको निरन्तर सहयोग तथा राज्यको स्रोतसम्मको पहुँच ।

छ. विश्वसनीय अन्तर्राष्ट्रिय सम्बन्ध ।

ज. राज्यको आधारभूत सरकारहरूको सशक्तीकरणमा संलग्न रहनुले स्थानीय तहसम्म कोषको उपस्थिति महसुस गराएको ।

झ. वातावरणीय र सामाजिक रूपमा दिगो विकासलाई प्रवर्द्धन गरेको ।

ञ. नेपाल सरकार, सरकारी तथा गैरसरकारी संस्था, विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकायहरूसित ऋण, अनुदान, दान-दातव्य या उपहारलगायत आवश्यक आर्थिक स्रोत जुटाउन सक्ने ।

ट. डिबेन्चर तथा ऋणपत्रहरू जारी गर्न सक्ने ।

ठ. कन्सोर्टियम वा ब्रिज फाइनान्सिङ अवधारणामा लगानी गर्न सक्ने ।

ड. कोषको ऐनबमोजिम ऋण वा अनुदानको सुरक्षणका लागि सर्तहरू राख्न सक्ने व्यवस्था ।

ढ. ऋण असुलीका लागि एस्क्रो एकाउन्ट वा डेब्ट सर्भिस रिजर्भ फन्ड जस्ता वित्तीय उपकरणहरूको व्यवस्था ।

ण. लगानी सुनिश्चित गर्न प्राविधिक, वातावरणीय, सामाजिक, आर्थिक र कानुनी पक्षको विश्लेषणसहितको बलियो आयोजना लेखाजोखा प्रणाली ।

### (ख) कमजोर पक्ष (Weaknesses)

क. कोषको ऐनले स्वायत्त संस्थाका रूपमा अधिकार प्रदान गरेको भए तापनि सोहीअनुरूपको लाभ लिन नसकिरहेको ।

ख. कोषको न्यून पुँजीका कारण स्थानीय तहरूको मागबमोजिम पुँजीको व्यवस्थापन गर्न नसक्नु ।

ग. कोषले पूर्वाधार विकासका लागि प्रवाह गरेको ऋण असुलीका लागि विनियमावलीको व्यवस्थालाई स्थानीय तहमा व्यावहारिक रूपमा लागू गर्न नसक्नु ।

घ. कोषको हालको संस्थागत संरचनामा न्यून कर्मचारी ।

ङ. पूर्वाधार विकासमा कोषले परिचालन गर्ने अनुदानका लागि नेपाल सरकारमा निर्भर रहनु ।

च. कोषको हालको सङ्गठन संरचना सङ्घीयताबमोजिम प्रदेशिक तहसम्म नरहनुले आयोजनाको सञ्चालन र अनुगमनमा कठिनाइ ।

छ. स्पष्ट कानुनी आधार नभएका कारण सार्वजनिक-निजी साझेदारी अवधारणाअनुरूप लगानी गर्न नसक्नु ।

ज. विभिन्न दातृ संस्थाहरू, नेपाल सरकारअन्तर्गतका निकायहरू तथा विकास साझेदारहरूबीच साझा लगानी नीति नहुनु तथा आयोजनाहरूमा नीतिगत द्वन्द्व हुनु ।

झ. नवीनतम आयोजनाहरूको अभ्यास हुन नसक्नु ।

### (ग) अवसर (Opportunities)

क. तीव्र शहरीकरणका कारण नगरहरूमा शहरी पूर्वाधार विकास र निर्माणमा नयाँ अवसरहरू सिर्जना हुनु;

ख. शहरी क्षेत्रको विकासका लागि रु. ३० खर्ब रुपैयाँभन्दा धेरै आवश्यकता रहेको तर स्थानीय तहहरूको पुँजीगत खर्चको हिस्सा न्यून रहेकाले कोषलाई यथेष्ट लगानीको अवसर;

ग. स्थानीय तहहरूमा पूर्वाधार विकासमा ऋण परिचालन गर्ने सरकारको एक मात्र वित्तीय मध्यस्थकर्ता संस्था;

घ. शहरी योजना, लगानी र व्यवस्थापनमा विकास साझेदारको संलग्नता बढ्दै जानु;

ङ. जलवायु-प्रतिरोधी र दिगो पूर्वाधारमा बढ्दो चासोले कोषको हालको कार्यक्षेत्रहरूमा नयाँ वित्तीय अवसरहरू सिर्जना गरेको;

च. देशको सङ्घीय शासन प्रणालीमा नगरपालिकाहरू स्वायत्त रहेकाले कोषलाई नगरपालिकाहरूसँगको सहकार्यमा ठूला परियोजनाहरू सञ्चालन गर्ने अवसर दिएको;

छ. सूचना प्रविधिको प्रयोगले परियोजना व्यवस्थापन र कार्यक्षमतामा सुधार तथा नवप्रवर्तनात्मक अवसरको सम्भावना;

ज. पूर्वाधारका नवीन क्षेत्रहरूमा लगानी गर्न सकिने;

झ. कन्सोर्टियम वा ब्रिज फाइनान्सिङ अवधारणामा लगानी गर्न सकिने ।

ञ. हरित जलवायु कोषका लागि प्रत्यक्ष पहुँच संस्थाका रूपमा मान्यताको प्राप्तितर्फ रहनु ।

ट. स्वदेशी तथा अन्तर्राष्ट्रिय पुँजी बजारबाट पनि कोष जुटाउन सकिने ।

### (घ) चुनौती (Threats)

क. नेपाल सरकारबाट स्वीकृत कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचनासम्बन्धी रणनीतिपत्रबमोजिम तयार भएको 'नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८० ' नेपाल सरकार र सङ्घीय संसद्बाट स्वीकृत भई कार्यान्वयनमा आउन;

ख. देशको आर्थिक मन्दी तथा तरल पुँजीको कमीले कोषले शहरहरूमा निरन्तर रूपमा वित्तीय सहयोग प्रदान गर्न;

ग. सरकारबाट नै समान प्रकारका अन्य वित्तीय संस्थाहरूको स्थापना;

घ. शहरी पूर्वाधारहरू विपद् उत्थानशील र दिगो बनाउनु;

ङ. विभिन्न प्राकृतिक तथा मानव सिर्जित विपद् तथा अन्य वातावरणीय जोखिमहरूले पूर्वाधारहरूमा हुने हानि-नोक्सानी पुनर्निर्माणमा पुँजी व्यवस्थापन;

च. सार्वजनिक-निजी साझेदारीसहित वैकल्पिक वित्तीय उपकरणका माध्यमबाट लगानीको स्रोत व्यवस्थापन गर्न;

छ. सार्वजनिक-निजी साझेदारी आयोजना कार्यान्वयनमा निजी क्षेत्रको नैराश्यता;

ज. पूर्वाधार विकासमा ऋण लगानी र असुलीका लागि साझेदार निकायबीचको चासो;

ज. असमान रूपमा शहरीकरण भएमा साना र कम विकसित नगरपालिकाहरूको विकास चुनौतीपूर्ण;

झ. नेपाल सरकारको विद्यमान कानुनबमोजिम जग्गाको लिजाधिकारसम्बन्धी लामो प्रक्रियाले आयमूलक शहरी पूर्वाधारका आयोजनामा लगानी गर्न;

ञ. ऋण असुलीका लागि नगर विकास कोष ऐन, २०५३ मा भएका प्रावधानहरूलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न ।

# भाग ४ : व्यावसायिक योजना (आ.व. ०८१/८२-०८४/८५)

शहरी पूर्वाधार क्षेत्रका लागि एक अग्रणी वित्तीय मध्यस्थकर्ता संस्थाका रूपमा स्थापित हुने कोषको दूरदृष्टिको मार्गमा कोषको चार वर्षीय व्यावसायिक योजना (आ.व.८१।८२ देखि ८४।८५) पूर्वाधार विकासमा सहजीकरण गर्दै समावेशी दिगो विकासको प्रवर्द्धनका लागि मुख्य रूपमा कोषको कार्य क्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचनाका लागि नगर विकास कोष ऐन संशोधन, सङ्गठनात्मक क्षमता अभिवृद्धि, कोषको वित्तीय दिगोपन, सरोकार निकायहरूसँगको पहुँच विस्तार, राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारीको सुदृढीकरण, वित्तीय स्रोतहरूको विविधीकरणमा केन्द्रित हुनेछ ।

**चित्र नं. १ : कोषको चार वर्षीय व्यावसायिक योजनाको मार्गचित्र**




## ४.१ दूरदृष्टि

शहरी पूर्वाधार विकासमा नेतृत्वदायी दिगो वित्तीय मध्यस्तकर्ताका रूपमा स्थापित हुने

## ४.२ ध्येय

पूर्वाधार विकासमा सहजीकरण गर्दै समावेशी दिगो विकासको प्रवर्द्धन ।

## ४.३ लक्ष्य

(क) शहरी पूर्वाधारमा लगानीका लागि निश्चित पुँजी संरचनासहित बलियो स्रोतको आधार सुनिश्चित गर्दै वि.सं. २०८५ सालसम्म संस्थालाई एक दिगो वित्तीय मध्यस्थकर्तामा रूपान्तरण ।

(ख) स्थानीय तहहरूको मागका आधारमा आ.व. ०८४।८५ सम्म रु. १७ अर्ब लगानी गर्ने ।

(ग) कोषलाई हरित जलवायु कोष (Green Climate Fund) को मान्यताप्राप्त संस्था बनाउन आवश्यक दस्ताबेजलगायत तयारी पूरा गर्ने र अन्य हरित कोष भित्र्याउने प्रक्रिया सुरु गर्ने ।

(घ) नगर विकासका लागि वैकल्पिक वित्तीय स्रोत परिचालनका लागि विभिन्न वित्तीय उपकरण (Financial Tools) परिचालन गर्ने ।

## ४.४ रणनीति

व्यावसायिक योजनाको उद्देश्य र लक्ष्य हासिल गर्न देहायबमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछ :

### क. कोषको संस्थागत क्षमता सुदृढ गर्ने

- नेपाल सरकारबाट स्वीकृत कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचनासम्बन्धी रणनीतिपत्रबमोजिम तयार भएको 'नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८० शहरी विकास मन्त्रालयमार्फत संसद्मा पेस गर्न सहजीकरण गर्ने ।
- कोषको संस्थागत सुदृढीकरणका लागि नियम, विनियम, निर्देशिका, दिग्दर्शन, कार्यविधिलगायतका दस्ताबेजहरूको तयारी, अद्यावधिक तथा कार्यान्वयन गरिने ।
- कोषको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदनबमोजिम सङ्गठन संरचना स्वीकृत गराई कर्मचारीहरूको पदपूर्ति गरिने ।
- कोषको सञ्चालनलाई विकेन्द्रीकरण गर्न प्रादेशिक कार्यालय स्थापना गरिने ।
- कोषको कार्यालय भवन निर्माण गरिने ।
- संस्थागत वित्तपोषण (Entity Financing) मार्फत कोषको लगानीलाई विविधिकरण गरी सामाजिक पूर्वाधारका क्षेत्रहरूमा लगानी गरिने ।
- बजारमा आधारित व्याजदर प्रणालीलाई संस्थागत गरिने ।
- कोषको कार्य सञ्चालन प्रक्रिया तथा सेवाग्राहीबाट गरिने ऋण आवेदनको प्रक्रियालाई डिजिटल प्रणाली (Automation System) मा लगिने । सूचना प्रविधिका माध्यमबाट कोषको ब्रान्डिङ गर्दै विकास साझेदार तथा सेवाग्राहीबीच कोषको उपस्थिति मजबुत बनाउने ।

### ख. व्यवस्थित शहरी विकासका लागि स्रोत-साधनको उच्चतम परिचालन गर्ने

- शहरी पूर्वाधारको निर्माण तथा विकासमा ऋण-अनुदान मिश्रण लगानी, सहलगानी, हरित वित्त लगानी, मिश्रित वित्त (ब्लेन्डेड फाइनान्स) र सार्वजनिक-निजी साझेदारीमा लगानीलगायतका वैकल्पिक वित्तीय उपकरणहरूको माध्यममार्फत वित्तीय स्रोत परिचालन गर्ने ।
- कोषमा स्थापित चक्रीयकोष परिचालनका लागि स्पष्ट मापदण्डहरू निर्धारण गर्ने ।
- भौगोलिक क्षेत्र, संस्थागत सुशासन र रणनीतिक स्थानमा ऋण उपयोग तथा भुक्तानी गर्ने क्षमताका आधारमा लगानी गर्ने ।
- परियोजना लगानीपूर्व गरिने मूल्याङ्न प्रक्रिया वैज्ञानिक र समावेशी बनाइने ।
- नमुना आयोजनाको विकास गरी लगानीका लागि आवश्यक मूल्याङ्कन चेकलिस्ट तयार गरी लगानी प्रक्रिया सहज बनाइने,
- दिगो पूर्वाधार विकासका लागि स्थानीय तहहरूको आवश्कता, भौगोलिक परिवेश, आर्थिक तथा सामाजिक वस्तुस्थितिको अध्ययन गरिने ।
- आयोजना बैङ्क तयार गर्ने ।
- सम्भाव्य आयोजना विकास, निर्माण र सञ्चालनका लागि प्राविधिक सहयोग उपलब्ध गराउने ।
- सुरक्षित लगानीका लागि प्रभावकारी अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
- जलवायु उत्थानशील पूर्वाधारका क्षेत्रहरू पहिचान गरी हरित वित्तका स्रोतहरू परिचालन गर्ने ।
- 'राष्ट्रिय शहरी पूर्वाधार वित्तीय नीति' तयार गर्न सरकारसँग सहकार्य गर्ने ।

### ग. ऋण असुली नियमित र व्यवस्थित गर्ने

- कोषका ऐन तथा ऋण असुली विनियमावलीमा रहेका ऋण असुलीका प्रावधानहरू पूर्ण रूपमा कार्यान्वयन गर्ने ।
- कोषका ऐन तथा ऋण असुली विनियमावलीमा रहेका ऋण असुलीका प्रावधानहरू प्रभावकारी कार्यान्वयनका लागि अर्थ मन्त्रालय, खानेपानी मन्त्रालय, प्रदेश सरकार, महालेखा परीक्षकको कार्यालयसहित अन्य सम्बन्धित निकायबीच समन्वय गर्ने र यी निकायद्वारा मूल्याङ्कन गरी लगानीका लागि सिफारिस गरिएका आयोजनाको

ऋण असुलीदर र कारणबारे अध्ययन गरी प्रक्रियागत सुधारका उपायहरूबारे सम्बन्धित निकायहरूसँग समन्वय गर्ने ।

- प्राविधिक र संस्थागत रूपमा समस्याग्रस्त ऋण आयोजनाहरूको अध्ययन गरिने र दिगो रूपमा व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वय, सहकार्य र अध्ययन प्रतिवेदनको सिफारिसका आधारमा प्रक्रिया अगाडि बढाउने ।
- खानेपानी संस्थाहरूमा गरिएको बक्यौता ऋण असुलीका लागि ऋण जमानीमा बसेका स्थानीय सरकारलगायतका निकायहरूलाई समेत जिम्मेवार बनाउने ।
- ऋण असुलीको सुरक्षणका रूपमा Escrow Account तथा Revenue intercept को प्रावधान लागू गरिने ।
- कोषमा ऋण असुली विभाग गठन गरी खराब कर्जामा कमी र ऋण असुली दरमा सुदृढीकरण गर्ने ।

## घ. राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारी सुदृढ गर्ने

- राष्ट्रिय शहरी नीति, शहरी पूर्वाधार विकास रणनीति तथा अन्य शहरी विकाससम्बन्धी योजनाअनुसार कोषको प्रभावकारिता बढाउन शहरी विकास मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क, राष्ट्रिय योजना आयोग राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग तथा अन्य सम्बन्धित निकायसँग अन्तरसमन्वय गर्ने ।
- शहरी विकाससँग सम्बन्धित सङ्घ-संस्थाहरूसँग सहकार्य गरी अनुसन्धान तथा विकासका (Reasearch and Development) का कार्यहरू गर्ने ।
- कोषलाई Green Climate Fund (GCF) मानक संस्थाका रूपमा स्थापित गर्न आवश्यक दस्ताबेजलगायत तयारी पूरा गर्ने र अन्य हरित कोषमार्फत लगानी भित्र्याउने प्रक्रिया सुरु गर्ने ।
- कोषको कार्यक्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको भगिनी सम्बन्ध तथा संस्थागत सञ्जाल विकास गरी कोषको प्राविधिक क्षमता अभिवृद्धि गर्ने ।
- शहरी विकासका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा उपलब्ध ज्ञान, सीप, प्रविधि, अभ्यास, सिकाइ, नवप्रवर्तनका साथै आर्थिक र भौतिक स्रोत साधन परिचालन गर्ने ।
- बहुपक्षीय, द्विपक्षीय, अन्तर्राष्ट्रिय दातृ निकायहरू तथा अन्य सङ्घ-संस्थाहरूमार्फत वित्तीय स्रोत व्यवस्थापन गर्ने,
- बहुपक्षीय, द्विपक्षीय, अन्तर्राष्ट्रिय दातृ निकायहरू तथा अन्य सङ्घ-सस्थाहरूसँगको सहकार्यमा कोषबाट ऋण लगानी हुने आयोजनाहरूको पहिचानको चरणदेखि आयोजना मुल्याङ्कन तथा सञ्चान व्स्थापनसम्म काषको भूमिकालाई प्रभावकारी बनाइने ।

## ङ. वित्तीय स्रोतहरूको विविधीकरण गरिने


- दीर्घकालीन लगानीका लागि डिबेन्चर तथा ऋणपत्र जारी गरी वित्तीय स्रोत जुटाउने ।
- सार्वजनिक-निजी साझेदारी लगानी नीति तथा निर्देशिका (PPP Financing Policy & Guidelines) तयार पारी PPP आयोजनाहरूमा निजी क्षेत्रको पुँजी परिचालनसहित कोषमार्फत ऋण लगानी गर्ने ।
- बहुपक्षीय, द्विपक्षीय, अन्तर्राष्ट्रिय दातृ निकायहरू तथा अन्य सङ्घ-संस्थाहरूमार्फत वित्तीय स्रोत परिचालन गरिने ।
- विभिन्न अन्तर्राष्ट्रिय हरित वित्तीय संस्थाहरूको स्रोतमाथिको पहुँच स्थापित गरी हरित पूर्वाधार विकासमा लगानी गर्न कोषलाई हरित लगानीवाहक (Green Financing Vehicele) का रूपमा प्रवर्द्धन तथा परिचालन गर्ने ।
- बिमा कम्पनी, नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष जस्ता ठूला आर्थिक स्रोत भएका संस्थाहरूसँग स्रोत व्यवस्थापनका लागि सहकार्य गर्ने ।
- राष्ट्रिय वित्तीय संस्थासँग सहकार्य गरी कन्सोर्टियम वा ब्रिज फाइनान्सिङ् अवधारणामा लगानी प्रबर्द्धन गर्ने ।
- दातृ संस्थाको सहयोगमा नेपाल सरकारबाट कोषलाई प्राप्त ऋण रकम कोषमा इक्विटीका रूपमा परिणत गर्ने ।

## ४.५ व्यावसायिक अवधिमा वित्तीय स्रोत व्यवस्थापन लक्ष्य

कोषको व्यावसायिक योजनाको रणनीतिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि हाल कोषमा उपलब्ध भइरहेको स्रोत-साधनका अतिरिक्त वैकल्पिक वित्तीय उपकरणरूको पहिचान गरी स्रोत व्यवस्थापन गरिनेछ । कोषको पुँजी पुनर्संचरना, विकास साझेदार, द्विपक्षीय बहुपक्षीय सङ्घ-संस्थाबाट प्राप्त वित्तीय स्रोत, सार्वजनिक-निजी साझेदारी लगानी, डिबेन्चर एवम् ऋणपत्र जस्ता वित्तीय उपकरणबाट रु. २० अर्ब स्रोत व्यवस्थापन हुने लक्ष्य रहेको छ ।

**चित्र नं. २ : व्यावसायिक योजना अवधिमा श्रोत व्यवस्थापन लक्ष्य**

रू दश लाखमा




**तालिका नं. ४ : व्यावसायिक अवधिमा कार्यक्रम तथा आयोजनहरूमा स्रोत व्यवस्थापन लक्ष्य**

रू दश लाखमा

| क्र. सं. | कार्यक्रम | स्रोत | चालू कार्यक्रमहरूमा ४ वर्षका लागि स्रोत व्यवस्थापन लक्ष्य | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०८१।८२ | आ.व. २०८२।८३ | आ.व. २०८३।८४ | आ.व. २०८४।८५ | |
| १ | नगर विकास कार्यक्रम | नेपाल सरकार (अनुदान) | १९४ | २५० | २७० | ३०० | १,०१४ |
| २ | शहरी पूर्वाधार विकास आयोजना | नेपाल सरकार (ऋण) | ६०० | १,००० | १,६२७ | १,७०० | ४,९२७ |
| ३ | शहरी पूर्वाधार विकास आयोजना | कोष इक्विटी | ९५० | ३४० | २१० | २१० | १,७१० |
| ४ | शहरी खानेपानी तथा सरसफाइ आयोजना | एसियाली विकास बैङ्क (ऋण) | २४७ | - | - | - | २४७ |
| ५ | सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | कोष इक्विटी | ३१० | ४२० | १६० | १५० | १,०४० |
| ६ | नगरपालिका वित्त क्षमता विकास कार्यक्रम (ई.यू.) | युरोपियन युनियन (अनुदान) | १०९ | - | - | - | १०९ |
| ७ | शहरी उत्थानशीलता तथा जीवन सुधार आयोजना (URLIP) | एसियाली विकास बैङ्क (ऋण) | ४३६ | ५०० | १,०६१ | ७९६ | २,७९३ |
| | | जम्मा | २,८४६ | २,५१० | ३,३२८ | ३,१५६ | ११,८४० |


| क्र. सं. | कार्यक्रम | स्रोत | | नयाँ कार्यक्रमहरूमा ४ वर्षका लागि स्रोत व्यवस्थापन लक्ष्य | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. २०८१।८२ | आ.व. २०८२।८३ | आ.व. २०८३।८४ | आ.व. २०८४।८५ | |
| १ | नगरपालिका वित्त क्षमता विकासकार्यक्रम (ई.यू.)- दोस्रो चरण | युरोपियन युनियन - अनुदान | | - | - | ३०० | - | ३०० |
| २ | नगर विकास कार्यक्रम (के.एफ.डब्ल्यू.)- चौथो चरण | के.एफ.डब्ल्यू.- ऋण | | - | - | - | १,००० | १,००० |
| ३ | जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका पूर्वाधार विकास कार्यक्रम (GCF) | हरित वित्त कोष.- | ऋण | - | - | - | १,५०० | १,५०० |
| | | | अनुदान | - | - | १०० | ३१० | ४१० |
| ४ | नगर पूर्वधार विकास आयोजना | वैदेशिक विकास साझेदार (ADB, WB, WB Group, Finland, AIIB) | | - | १,००० | १,००० | १,५०० | ३,५०० |
| ५ | सार्वजनिक-निजी साझेदारी कार्यक्रम | कोष इक्विटी | | | | १०० | २०० | ३०० |
| | | ऋणपत्र/डिबेन्चर | | | | १०० | २०० | ३०० |
| ६ | नयाँ शहर आयोजना | नेपाल सरकार ऋण | | - | २५० | ३०० | ३०० | ८५० |
| | | | जम्मा | - | १,२५० | १,९०० | ५,०१० | ८,१६० |
| | | | **कुल जम्मा (चालू+नयाँ)** | २,८४६ | ३,७६० | ५,२२८ | ८,१६६ | २०,००० |

## ४.६ व्यावसायिक अवधिमा कार्यक्रम तथा आयोजनाहरूमा लगानी लक्ष्य

कोषको ४ वर्षीय व्यावसायिक योजनाले लगानी एवम् स्रोत व्यवस्थापनका लागि लिएका रणनीतिहरूको कार्यान्वयनबाट कोषको इक्विटी, नेपाल सरकारको ऋण तथा अनुदान, दातृ संस्था एसियाली विकास बैङ्क, विकास साझेदार, द्विपक्षीय बहुपक्षीय सङ्घ-संस्था, सार्वजनिक-निजी साझेदारी लगानी, डिबेन्चर एवम् ऋणपत्र जस्ता वित्तीय उपकरणबाट स्रोत परिचालन भई कोषका चालू कार्यक्रमहरू र नयाँ कार्यक्रमहरूमा गरी रु. १७ अर्ब लगानी हुने लक्ष्य रहेको छ ।

चित्र नं. ३ : व्यावसायिक अवधिमा लगानी लक्ष्य

रु दश लाखमा




तालिका नं. ५ : व्यावसायिक अवधिमा कार्यक्रम तथा आयोजनाहरूमा लगानी लक्ष्य

**रु. दश लाखमा**


| क्र. सं. | कार्यक्रम | स्रोत | चालू कार्यक्रममा ४ वर्षका लागि लगानी लक्ष्य | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०८१।८२ | आ.व. २०८२।८३ | आ.व. २०८३।८४ | आ.व. २०८४।८५ | |
| १ | नगर विकास कार्यक्रम | नेपाल सरकार (अनुदान) | १९४ | २५० | २७० | ३०० | १,०१४ |
| २ | सहरी पूर्वाधार विकास आयोजना | नेपाल सरकार (ऋण) | ६०० | १,००० | १,६२७ | १,७०० | ४,९२७ |
| | | कोष इक्विटी | ९५० | ३४० | २१० | २१० | १,७१० |
| ३ | सहरी खानेपानी तथा सरसफाइ आयोजना | एसियाली विकास बैङ्क (ऋण) | २४७ | - | - | - | २४७ |
| ४ | सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | कोष इक्विटी | ३१० | ४२० | १६० | १५० | १,०४० |
| ५ | नगरपालिका वित्त क्षमता विकास कार्यक्रम (ई.यू.) | युरोपियन युनियन (अनुदान) | १०९ | - | - | - | १०९ |
| ६ | सहरी उत्थानशीलता तथा जीवन सुधार आयोजना (URLIP) | एसियाली विकास बैङ्क (ऋण) | ४३६ | ५०० | १,०६१ | ७९६ | २,७९३ |
| | | जम्मा | २,८४६ | २,५१० | ३,३२८ | ३,१५६ | ११,८४० |

| क्र. सं. | कार्यक्रम | स्रोत | | नयाँ कार्यक्रममा ४ वर्षका लागि लगानी लक्ष्य | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. २०८१।८२ | आ.व. २०८२।८३ | आ.व. २०८३।८४ | आ.व. २०८४।८५ | |
| १ | नगरपालिका वित्त क्षमता विकास कार्यक्रम (ई.यू.)- दोस्रो चरण | युरोपियन युनियन - अनुदान | | - | - | १०० | १५० | २५० |
| २ | नगर विकास कार्यक्रम (के.एफ.डब्ल्यू.)- चौथो चरण | के.एफ.डब्ल्यू.- ऋण | | - | - | - | ४०० | ४०० |
| ३ | जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका पूर्वाधार विकास कार्यक्रम (GCF) | हरित वित्त कोष- | अनुदान | - | - | - | ५०० | ५०० |
| | | | ऋण | - | - | - | १,००० | १,००० |
| ४ | नगर पूर्वाधार विकास आयोजना | वैदेशिक विकास साझेदार (ADB, WB, WB Group, Finland, AIIB) | | - | ३०० | ६०० | ६६० | १,५६० |
| ५ | सार्वजनिक-निजी साझेदारी कार्यक्रम | कोष इक्विटी | | - | - | १०० | २०० | ३०० |
| | | ऋणपत्र | | - | - | १०० | २०० | ३०० |
| ६ | नयाँ सहर आयोजना | नेपाल सरकार ऋण | | - | २५० | ३०० | ३०० | ८५० |
| | | | जम्मा | - | ५५० | १,२०० | ३,४१० | ५,१६० |
| | | | **कुल जम्मा (चालू+नयाँ)** | २,८४६ | ३,०६० | ४,५२८ | ६,५६६ | १७,००० |

## ४.७ व्यावसायिक अवधिमा ऋण असुली लक्ष्य

कोषको ऐन, नियम, विनियमावलीमा ऋण असुलीका लागि गरिएका प्रावधानहरूको प्रभावकारी कार्यान्वयन, कोषको प्रस्तावित सबल सङ्गठन संरचना तथा ऋण असुलीका लागि अन्तरनिकायगत र अन्तरतहगत समन्वय र सहकार्यमा आधारित कार्य प्रणालीका माध्यमबाट व्यावसायिक योजनाको अन्तिम वर्ष आ.व. ०८४।८५ सम्म ६५% ऋण असुली हुने लक्ष्य राखिएको छ ।

**चित्र नं. ४ : व्यावसायिक अवधिमा ऋण असुली लक्ष्य**



## ४.८ व्यावसायिक अवधिमा ऋण भुक्तानी लक्ष्य

कोषले विभिन्न दातृ निकायमार्फत सञ्चालित कार्यक्रम तथा आयोजनाका लागि नेपाल सरकारबाट प्राप्त भएको ऋणको साँवा तथा ब्याज भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । चार वर्षीय व्यावसायिक अवधिमा रु. १ अर्ब ८१ करोड साँवा तथा ब्याज भुक्तानी गरिनेछ ।

## ४.९ संस्थागत सुधार योजना

शहरी पूर्वाधार क्षेत्रका लागि एक अग्रणी वित्तीय मध्यस्थकर्ता संस्थाका रूपमा स्थापित हुने कोषको दूरदृष्टिको मार्गमा कोषको चार वर्षीय व्यावसायिक योजना (आ.व.०८१।८२ देखि ०८४।८५) कोषको संस्थागत सुदृढीकरणका लागि मुख्य रूपमा कोषको कार्य क्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचनाका लागि नगर विकास कोष ऐन संशोधन, सङ्गठनात्मक क्षमता अभिवृद्धि, कोषको वित्तीय दिगोपन, सरोकार निकायहरूसँगको पहुँच विस्तार, राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारीको सुदृढीकरण, वित्तीय स्रोतहरूको विविधीकरणमा केन्द्रित हुनेछ ।

कोष एक प्राविधिक वित्तीय संस्था भएकाले हालको सङ्गठन संरचनामा पर्याप्त विज्ञ जनशक्तिसहित प्राविधिक र वित्तीय रूपमा आत्मनिर्भर हुने तर्फ अग्रसर हुनेछ कोषमा कार्यरत कर्मचारीहरूको क्षमता अभिबृद्धि गरिनेछ । कोषको सञ्चालनलाई विकेन्द्रीकरण गर्न प्रादेशिक कार्यालयहरूको स्थापना गरी कोषको व्यावसायिक प्रक्रियालाई प्रभावकारी बनाइनेछ । कोषले आफ्नो व्यावसायिक कार्यका लागि आवश्यकताअनुसार शहरी योजना विशेषज्ञ, शहरी सरसफाइ इन्जिनियरिङ विशेषज्ञ, निर्माण व्यवस्थापन विशेषज्ञ, अनुबन्ध व्यवस्थापन विशेषज्ञ, कोष व्यवस्थापन विशेषज्ञ, समाजशास्त्री, अर्थशास्त्रीहरू लगायत शहरी क्षेत्रमा कार्यरत अनुभवी विज्ञहरूको विद्वता प्रयोग गर्नेछ । संरचनागत सुधारका मुख्य कार्ययोजना **अनुसूची-१** मा दिइएको छ ।

## ४.१० अनुगमन तथा मूल्याङ्कन

कोषको चार वर्षीय व्यावसायिक योजना (आ.व. ८१/८२ देखि ८४/८५) ले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्तीका लागि लिएका रणनीति तथा संरचानागत सुधारका योजनाहरूको अनुगमन र मूल्याङ्कन यस व्यावसायिक योजनाको एक अभिन्न अङ्ग हुनेछ । जबसम्म प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणाली स्थापना हुँदैन, तबसम्म अपेक्षित परिणाम हासिल गर्न सकिँदैन । यस चार वर्षीय व्यावसायिक योजनाको रणनीति र कार्ययोजनामा आधारित भएर कार्यसम्पादन सूचकाङ्क (Key Performance Indicators -KPIs) निर्धारण गरिएको छ । व्यावसायिक योजनाको रणनीति र कार्ययोजनाको गत वर्षको संस्थागत कार्यसम्पादन स्तरको आधारमा प्रत्येक वर्ष कार्यसम्पादन सूचकाङ्क (Key Performance Indicators -KPIs) को पुनरावलोकन गरिनेछ । व्यावसायिक योजना कार्यान्वयनको प्रगति र देखापरेका समस्याहरूको पहिचान एवम् समस्या समाधानका लागि अनुगमन तथा मूल्याङ्कनका ढाँचाबमोजिम मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा समीक्षा गरिनेछ । कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान एवम् समाधानका उपायहरू अवलम्बन गरिनेछ । यस चार वर्षीय व्यावसायिक योजनाको रणनीति र कार्ययोजनामा आधारित नतिजामुलक कार्य सम्पादन सुचकाङ्क (Key Performance Indicators-KPIs) तालिका नं ६ मा दिइएको छ ।

**तालिका नं. ६ : कार्य सम्पाद सूचकाङ्क (Key Performance Indicators-KPIs)**

| क्र.स. | कार्यक्षेत्रसँग सम्बन्धित नतिजाका सूचकहरू | क्रियाकलाप | समय सीमा | जिम्मेवारी |
|---|---|---|---|---|
| **१. रणनीतिक व्यवस्थापन** | | | | |
| १ | नगर विकास कोष ऐन, २०५३ संशोधन | शहरी विकास मन्त्रालय, सम्बन्धित मन्त्रालय एवम् निकायमा समन्वय । | पहिलो वर्ष | शहरी विकास मन्त्रालय/नगर विकास कोष |
| | | नगर विकास कोष ऐन, २०८१ स्वीकृति | | |
| | | संशोधित ऐनबमोजिम नियमावली स्वीकृति । | दोस्रो वर्ष | |
| २ | विनयमावली, निर्देशिका, लगानी तथा असुली रणनीतिहरूमा आवश्यक ससोधन गर्ने । | विनयमावली, निर्देशिका, लगानी तथा असुली रणनीतिहरूमा आवश्यक संशोधन । | पहिलो वर्ष | नगर विकास कोष |
| ३ | शहरी परियोजनाहरूका लागि प्रभावकारी जोखिम न्यूनीकरण योजना र लैङ्गिक समानता र सामाजिक समावेश (GESI) योजना तयारी । | शहरी परियोजनाहरूका लागि प्रभावकारी जोखिम न्यूनीकरण योजना र लैगिक समानता र सामाजिक समावेश (GESI) योजना लागू । | दोस्रो वर्ष | कोष व्यवस्थापन/संचालक समिति |
| ४ | ग्रिन क्लाइमेट फन्ड (GCF) मान्यता प्राप्तिका लागि तयारी। | ग्रिन क्लाइमेट फन्ड (GCF) को मान्यता प्राप्तिका लागि आवश्यक दस्ताबेज तयारी तथा सम्बन्धित निकायमा समन्वय । | पहिलोदेखि चौथो वर्ष | नगर विकास कोष/शहरी विकास मन्त्रालय/अर्थ मन्त्रालय/एनडिए |
| **२. वित्तीय प्रदर्शन सूचकहरू** | | | | |
| ५ | लगानीमा वृद्धि (४ वर्षमा शहरी पूर्वाधारमा रु. १७ अर्ब लगानी) | नगर विकास कोष ऐन, २०५३ लाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८० संसदबाट स्वीकृत गराउन पहल गरी कोषको पुँजी वृद्धि गराउने । | पहिलो वर्ष | शहरी विकास मन्त्रालय/नगर विकास कोष |
| | | विश्व बैङ्क, एसियाली विकास बैङ्क आदिसँगको सम्बन्धलाई अझ बलियो बनाउँदै पूर्वाधार क्षेत्रमा लगानी गर्ने अन्तर्राष्ट्रिय संस्थाहरूसँग साझेदारी गर्ने । | पहिलोदेखि चौथो वर्ष | शहरी विकास मन्त्रालय/नगर विकास कोष |
| | | परियोजना बैङ्क बनाउने । | पहिलो वर्ष | नगर विकास कोष |
| | | नमुना आयोजनाहरूको विकास तथा लगानी | पहिलो वर्ष | नगर विकास कोष |
| | | संस्थागत वित्तपोषण (Entity Financing) का लागि कार्यविधि तयार गरी स्वीकृत गराइने । | पहिलो वर्ष | नगर विकास कोष |

| क्र.स. | कार्यक्षेत्रसँग सम्बन्धित नतिजाका सूचकहरू | क्रियाकलाप | समय सीमा | जिम्मेवारी |
|---|---|---|---|---|
| ६ | ऋण असुली दरमा सुदृढीकरण (६५%) | असुली विनयमावलीमा आवश्यक संशोधन गर्ने । | पहिलो वर्ष | नगर विकास कोष |
| | | ऋण असुली विभाग गठन । | पहिलो वर्ष | नगर विकास कोष |
| | | ऋण असुली सुरक्षण पद्धतिका रूपमा एस्क्रो (Escrow) खाता लागू गर्ने । | पहिलो वर्ष | नगर विकास कोष |
| | | ब्याजदरमा सहुलियत । | पहिलो वर्षमा छलफल सुरु गरी चौथो वर्षसम्ममा वैज्ञानिक विधि मार्फत ब्याजदर तोकिने । | नगर विकास कोष |
| | | Revenue intercept प्रक्रिया स्वीकृत गराई कार्यान्वयन । | तेस्रो वर्ष | शहरी विकास मन्त्रालय/नगर विकास कोष |
| ७ | वित्तीय स्रोत व्यवस्थापन । (४ वर्षमा रु. २० अर्ब) | नगर विकास कोष ऐन, २०५३ लाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८० संसद्बाट स्वीकृत गराउन पहल गरी कोषको पुँजी वृद्धि गराउने । | पहिलो वर्ष | शहरी विकास मन्त्रालय/नगर विकास कोष |
| | | कोषलाई हरित जलवायु कोष (Green Climate Fund (GCF) को Direct Access Accredited Entities (DAE) मान्यता प्राप्त संस्था बनाउन आवश्यक प्रक्रिया पूरा गर्ने र अन्य हरित कोष भित्र्याउने प्रयास गर्ने । | चौथो वर्ष | नगर विकास कोष/शहरी विकास मन्त्रालय/अर्थ मन्त्रालय/एनडिए |
| | | राष्ट्रिय वित्तीय संस्थासँग सहकार्य गरी कन्सोर्टियम वा ब्रिज फाइनान्सिङ अवधारणामा लगानी गर्ने । | चौथो वर्ष | नगर विकास कोष |
| | | विश्व बैङ्क, एसियाली विकास बैङ्क आदिसँगको सम्बन्धलाई अझ बलियो बनाउदै पूर्वाधार क्षेत्रमा लगानी गर्ने अन्तर्राष्ट्रिय संस्थाहरूसँग साझेदारी गर्ने । | पहिलो वर्षदेखि चौथो वर्ष | शहरी विकास मन्त्रालय/नगर विकास कोष |
| ८ | कोषको Credit rating गर्ने । | क्रेडिट रेटिङका लागि तयारी | पहिलो वर्ष र दोस्रो वर्ष | नगर विकास कोष |
| | | स्वतन्त्र क्रेडिट रेटिङको एजेन्सीमार्फत कोषको क्रेडिट रेटिङ गराउने । | तेस्रो | |
| ९ | नगरपालिकाहरूको borrowing capacity assessment गराउने । | नगरपालिकाहरूको छनोट गरी ऋण वहन क्षमता मापन गर्ने । | पहिलो वर्षदेखि चौथो वर्ष | नगर विकास कोष |

| क्र.स. | कार्यक्षेत्रसँग सम्बन्धित नतिजाका सूचकहरू | क्रियाकलाप | समय सीमा | जिम्मेवारी |
|---|---|---|---|---|
| १० | सार्वजनिक नीजि साझेदारी अवधारणामा लगानी गर्ने । | हरेक वर्ष कम्तीमा २ ओटा कार्यशाला गोष्ठी सञ्चालन गरी निजी क्षेत्रलाई आकर्षण गर्ने । | पहिलो वर्षदेखि चौथो वर्ष | नगर विकास कोष |
| | | सार्वजनिक-निजी साझेदारी अवधारणामा लगानी गर्न आयोजना तयारी । | पहिलो र दोस्रो वर्ष | |
| | | सार्वजनिक-निजी साझेदारी अवधारणामा लगानी । | तेस्रो वर्षदेखि चौथो वर्ष | |
| **३. कार्यसम्पादन दक्षता सूचकहरू** | | | | |
| ११ | सफलतापूर्वक वित्तीय व्यवस्थापन गरिएका र कार्यान्वयन गरिएका शहरी पूर्वाधार परियोजनाहरूको संख्या | २५ ओटा आयोजना | पहिलो वर्षदेखि चौथो वर्ष | नगर विकास कोष |
| १२ | नगरपालिकाहरूहरूसँगको साझेदारी विस्तार र सुदृढीकरण। | ३० ओटा नयाँ स्थानीय तहसँग सहकार्य गरी लगानी गरिने । | पहिलो वर्षदेखि चौथो वर्ष | नगर विकास कोष |
| १३ | उपभोक्ता समिति र निजी संस्थाहरूसँगको साझेदारी विस्तार । | १० ओटा नयाँ उपभोक्ता समिति र निजी संस्थाहरूसँग सहकार्य गरी लगानी गरिने । | पहिलो वर्षदेखि चौथो वर्ष | नगर विकास कोष |
| १४ | राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदार हरूसँग सहकार्य गर्ने। | शहरी विकासका क्षेत्रमा ४ ओटा राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारहरूसँग सहकार्यको लागि समझदारीपत्र (MoU) मा हस्ताक्षर गर्ने । | पहिलो वर्ष देखि चौथो वर्ष | शहरी विकास मन्त्रालय/नगर विकास कोष |
| १५ | शहरी पूर्वाधारका नयाँ क्षेत्रमा लगानी | कोषबाट सञ्चालन हुने आयोजनाहरूको लागि नयाँ क्षेत्र पहिचान र प्रबर्द्धन । | पहिलो र दोस्रो वर्ष | नगर विकास कोष |
| | | शहरी पूर्वाधारका नयाँ क्षेत्रमा लगानी | तेस्रो र चौथो वर्ष | |
| १६ | कोषको सेवाप्रति नगरपालिकाहरू, साझेदारहरू, र लाभग्राहीहरूको सन्तुष्टि स्तर । | अनुगमन तथा मूल्याङ्कन निर्देशिका स्वीकृत गराउने । | पहिलो वर्ष | नगर विकास कोष |
| | | ३० ओटा आयोजनाहरूको अनुगमन तथा मूल्यांकन । | दोस्रो वर्षदेखि चौथो वर्ष | |
| १७ | नगरपालिकाहरूको आवधिक योजना, गुरु योजना, IUDP मा उल्लेख भएका परियोजनाहरू कार्यान्वयनमा सहयोग गर्ने । | IUDP अन्तर्गत DER भएका आयोजनाहरूको अध्ययन तथा कार्यान्वयनमा सहयोग । | पहिलो वर्षदेखि चौथो वर्ष | शहरी विकास मन्त्रालय/नगर विकास कोष |
| **४. संस्थागत विकास सूचकहरू** | | | | |
| १८ | तालिम र विकास कार्यक्रमहरूमार्फत आन्तरिक कार्यसम्पादन दक्षता र कर्मचारी क्षमतामा सुधार । | तालिम आवश्यकता पहिचान गरी कोषका कर्मचारीहरूलाई ४० ओटा क्षमता अभिवृद्धिका तालिम प्रदान गरिने । | पहिलो वर्ष देखि चौथो वर्ष | नगर विकास कोष |

| क्र.स. | कार्यक्षेत्रसँग सम्बन्धित नतिजाका सूचकहरू | क्रियाकलाप | समय सीमा | जिम्मेवारी |
|---|---|---|---|---|
| १९ | वित्तीय व्यवस्थापन, अनुगमन, र प्रतिवेदनका लागि आधुनिक उपकरण र प्रणालीहरूको प्रयोग | System Automation प्रणालीहरूको अद्यावधिक, स्तारोन्नति तथा एकीकृत प्रणाली विकास | पहिलो वर्षदेखि चौथो वर्ष | नगर विकास कोष |
| २० | प्रदेश शाखा स्थापना । | प्रदेश कार्यालय स्थापना तयारी । | पहिलो र दोस्रो वर्ष | नगर विकास कोष |
| | | २ ओटा प्रदेश शाखा स्थापना । | तेस्रो र चौथो वर्ष | |
| २१ | भवन निर्माण गर्ने । | कार्यालय भवनको विस्तृत अध्ययन प्रतिवेदन स्वीकृत । | पहिलो वर्ष | नगर विकास कोष |
| | | भवन निर्माण गर्ने । | दोस्रो र तेस्रो वर्ष | |
| २२ | O&M लागू गर्ने | कोषको सङ्गठन संरचना स्वीकृत गर्ने । | पहिलो वर्ष | नगर विकास कोष |
| | | कोषको सङ्गठन संरचनाबमोजिम कर्मचारी पदपूर्ति गर्ने । | दोस्रो वर्षदेखि चौथो वर्ष | |
| **५. अनुपालन तथा सेवाग्राही क्षमता अभिवृद्धि** | | | | |
| २३ | वित्तीय लेखापरीक्षणसहित सबै कानुनी र प्रक्रियागत आवश्यकताहरूको पालना । | वित्तीय लेखा परीक्षणसहित सबै कानुनी र प्रक्रियागत आवश्यकताहरूको पालना । | पहिलो वर्षदेखि चौथो वर्ष | नगर विकास कोष |
| २४ | सेवाग्राहीहरूको क्षमता वृद्धि गर्ने । | नगरपालिका, खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई आयोजना निर्माण तथा सञ्चालन, खरिद प्रक्रिया, लेखा प्रणालीसम्बन्धी तालिम दिने । | पहिलो वर्षदेखि चौथो वर्ष | नगर विकास कोष |
| २५ | नगरपालिकाहरू र उपभोक्ता संस्थाको व्यावसायिक योजना तयार | नगरपालिका र उपभोक्ता संस्थाको व्यावसायिक योजना तयार गरिने । | पहिलो वर्षदेखि चौथो वर्ष | नगर विकास कोष |
| २६ | शहरी क्षेत्रमा रोजगारी सिर्जना गर्न विशेष योजना सञ्चालन गरिने । | रोजगारी सिर्जना गर्न विशेष योजना तयारी । | पहिलो वर्ष | नगर विकास कोष |
| | | शहरी क्षेत्रमा रोजगारी सिर्जना गर्न ४ ओटा विशेष योजना जस्तै उद्यमशीलता विकास र स्टार्टअपहरूका लागि इनक्युबेसन केन्द्र स्थापना । | दोस्रो वर्षदेखि चौथो वर्ष | नगर विकास कोष |

## ४.११ जोखिम र अनुमान

व्यावसायिक योजनालाई प्रभावकारी रूपमा कार्यान्वयनका सम्भावित जोखिमहरू र तिनीहरूको न्यूनीकरणको उपायहरूको देहायबमोजिम आकलन गरिएको छ :

**(अ) जोखिम**

(क) नेपाल सरकारबाट स्वीकृत कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचनासम्बन्धी रणनीतिपत्रबमोजिम नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८० नेपाल सरकार र सङ्घीय संसद्बाट स्वीकृत भई कार्यान्वयनमा हुन सक्ने ढिलाइ ।

(ख) प्रक्षेपित आर्थिक वृद्धिदर हासिल हुन नसकेमा पूर्वाधार लगानीमा स्थानीय तह, प्रादेशिक सरकार र सङ्घ सरकारको लगानी अपर्याप्त हुन सक्ने ।

(ग) जलवायु र विपद्का घटनाहरूमा अस्वाभाविक वृद्धिबाट जटिलता हुन सक्ने ।

(घ) लगानीको स्रोत व्यवस्थापन तथा ऋण असुलीका लागि अन्तरनिकायगत र अन्तरतहगत सहअस्तित्व, समन्वय र सहकार्यमा आधारित कार्य प्रणाली लागू हुन नसक्ने ।

(ङ) सरकारबाट नै समान प्रकारका अन्य वित्तीय संस्थाहरूको स्थापनाले लगानीको स्रोतको पहुँचमा कठिनाइ हुन सक्ने ।

(च) असमान रूपमा शहरीकरण भएमा साना र कम विकसित नगरपालिकाहरूको विकास चुनौतीपूर्ण ।

(छ) कानुनबमोजिम जग्गाको लिजाधिकारसम्बन्धी लामो प्रक्रियाले आयमूलक शहरी पूर्वाधारका आयोजनामा अपेक्षित लगानी हुन नसक्ने ।

**(आ) जोखिम न्यूनीकरणका उपाय**

(क) नेपाल सरकारबाट स्वीकृत कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचनाको आवश्यकतालाई स्थानीय तह, प्रदेश सरकार तथा सङ्घीय सरकारबीच सहमतिको वातावरण सिर्जना गरिनेछ ।

(ख) शहरी विकास मन्त्रालयमार्फत द्विपक्षीय एवम् बहुपक्षीय सङ्घ-संस्थाहरूबाट स्रोत व्यवस्थापनका लागि पहल गरिनेछ ।

(ग) स्थानीय तहहरूको संस्थागत र वित्त क्षमता अभिवृद्धिका लागि प्राविधिक सहायता परिचालन गरिनेछ । नयाँ नगरपालिका र नगरउन्मुख गाउँपालिकासम्म कोषको व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।

(घ) गुणस्तरीय आयोजना प्रतिवेदनका लागि Peer review को व्यवस्था गर्ने ।

(ङ) सेयर, ऋणपत्र, निष्कासन मार्फत पनि कोष जुटाउने ।

(च) सहलगानी एवम् वैकल्पिक वित्तीय उपकरणको परिचालन गरिनेछ ।

(छ) शहरी पूर्वाधारको पहिचान र निर्माणमा स्थानीय तह बीच सहकार्यात्मक वातावरणको प्रवर्द्धन गरिनेछ ।

(ज) लगानीको स्रोत व्यवस्थापन तथा ऋण असुलीका लागि अन्तरनिकायगत र अन्तरतहगत सहअस्तित्व, समन्वय र सहकार्यलाई मजबुत बनाइनेछ ।

(झ) विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनलाई आयोजना मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।

(ञ) कोषको संस्थागत सुदृढीकरण गरिनेछ ।

(ट) कोषको विनियमावली एवम् निर्देशिकालाई समयसापेक्ष परिमार्जन गरिनेछ ।

## अनुसूची- १

### संरचना सुधार योजना

| क्र. सं. | सुधारका योजनाहरू | क्रियाकलाप | समय सीमा | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| १ | कोषका प्रचलित र सान्दर्भिक कानुनहरू परिमार्जन र आवश्यक दस्ताबेज तयारी । | नगर विकास कोष ऐन संशोधन | पहिलो वर्ष | |
| | | नगर विकास कोष नियमावली संशोधन । | दोस्रो वर्ष | कोष कानुनी रूपमा अधिकारसम्पन्न, कोषको कार्यक्षेत्र विस्तार र कोषको सबल वित्तीय अवस्था । |
| | | लगानी तथा असुली विनयमावली, निर्देशिकाहरूमा आवश्यक संशोधन गर्ने । | पहिलो वर्षबाट सुरु गरिने । | |
| | | परिवर्तित संरचनाबमोजिम कार्यविधिहरू तयारी । | ऐन संशोधनपश्चात् पहिलो वर्षबाट सुरु गरिने । | |
| २ | कोषको आर्थिक अवस्था सुदृढीकरण र लगानी क्षमतामा वृद्धि । | कोषको पुँजी वृद्धि | ऐनको संशोधनपश्चात् प्रक्रिया सुरु गरी तेस्रो वर्षभित्र पूर्णता | लगानीका लागि कोषको पुँजी वृद्धि । |
| | | ऋण असुली रणनीति | पहिलो वर्षमा ऋण असुली विभाग गठन । | खराब कर्जामा कमी र ऋण असुली दरमा सुदृढीकरण । |
| | | | तेस्रो वर्षसम्ममा Revenue intercept प्रक्रिया स्वीकृत गराई कार्यान्वयन । | |
| | | प्राविधिक र वित्तीय क्षेत्रमा रहेका अनुभवका आधारमा निजी, बैङ्क तथा सरकारी निकायहरूलाई आयोजना मूल्याङ्कन, पूर्वसम्भाव्यता, सम्भाव्यता अध्ययन, Due-diligence र प्रभावसम्बन्धी परामर्श सेवा प्रदान गरेर आम्दानीका स्रोतहरू विस्तार गर्ने । | तेस्रो वर्षभित्र सुरुवात । | कोषको आम्दानीमा वृद्धि । |

| क्र. सं. | सुधारका योजनाहरू | क्रियाकलाप | समय सीमा | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| ३ | साझेदारी र क्षमता अभिवृद्धिका कार्यक्रम | कोषलाई हरित जलवायु कोष Green Climate Fund (GCF) को Direct Access Accredited Entities (DAE) मान्यता प्राप्त संस्था बनाउन आवश्यक प्रक्रिया पूरा गर्ने र अन्य हरित कोष भित्र्याउन प्रयास गर्ने । | पहिलो वर्षमा आवश्यक दस्ताबेजहरू तयार गर्ने ।<br>चौथो वर्षभित्र मान्यता प्राप्त गर्ने र चौथो वर्षमा कम्तीमा एउटा आयोजनाका लागि जलवायु कोष भित्र्याउने | वित्तीय स्रोत व्यवस्थापन र परिचालन । |
| | | राष्ट्रिय वित्तीय संस्थासँग सहकार्य गरी कन्सोर्टियम वा ब्रिज फाइनान्सिङ अवधारणामा लगानी गर्ने । | चौथो वर्ष | |
| | | विश्व बैङ्क, एसियाली विकास बैङ्क आदिसँगको सम्बन्धलाई अझ बलियो बनाउँदै पूर्वाधार क्षेत्रमा लगानी गर्ने अन्तर्राष्ट्रिय संस्थाहरूसँग साझेदारी गर्ने । | निरन्तर रूपमा गरिने । | |
| | | बहुपक्षीय, द्विपक्षीय, अन्तर्राष्ट्रिय दातृ निकायहरू तथा अन्य सङ्घ-सस्थाहरूसँगको सहकार्यमा कोषबाट ऋण लगानी हुने आयोजनाहरूको पहिचानको चरणदेखि आयोजना मूल्याङ्कन तथा सञ्चालन व्यवस्थापनसम्म कोषको भूमिकालाई प्रभावकारी बनाइने । | | |

| क्र.सं. | सुधारका योजनाहरू | क्रियाकलाप | समय सीमा | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| ४ | लगानी र असुली सुदृढीकरण | परियोजना बैङ्क बनाउने । | पहिलो वर्ष सुरु गरी निरन्तर अध्यावधिक गरिने । | लगानी सुनिश्चितता र वित्तीय दिगोपनमा सुधार । |
| | | परियोजना लगानीपूर्व गरिने मूल्याङ्कन प्रक्रिया वैज्ञानिक र समावेशी बनाउने । | | |
| | | नमुना आयोजनाहरूका प्रकार पहिचान गरी लगानी गर्ने मूल्याङ्कन गर्ने checklist तयार गरी सहज बनाइने र नमुना आयोजनाहरू छनोट गरी लगानी गर्ने । | | |
| | | संस्थागत वित्तपोषण (Entity Financing) । | पहिलो वर्षमा कार्यविधि तयार गरी स्वीकृत गराइने । | |
| | | सार्वजनिक-निजी साझेदारी (PPP) । | तेस्रो वर्षसम्ममा निर्देशिका तयार गरिने । | |
| | | | चौथो वर्षमा Piloting को प्रक्रिया सुरु गरिने । | |
| | | डिबेन्चर र ऋणपत्र जारी कोष सङ्कलन । | चौथो वर्ष | |
| | | पुनर्चक्र कोष (Revolving Fund) लगानी निर्देशिका । | दोश्रो वर्ष | |
| | | ऋण असुली सुरक्षण पद्धतिका रूपमा एस्क्रो (Escrow) खाता लागू गर्ने । | पहिलो वर्ष | खराब कर्जामा कमी र ऋण असुली दरमा सुदृढीकरण । |
| | | ब्याजदरमा सहुलियत । | पहिलो वर्षमा छलफल सुरु गरी चौथो वर्षसम्ममा वैज्ञानिक विधिमार्फत ब्याजदर तोकिने र ब्लेन्डेड फाइनान्स (Blended Finance) लगायत विभिन्न सम्भावनाको खोजी गर्ने । | ऋण लिनेको सङ्ख्यामा वृद्धि । |

| क्र. सं. | सुधारका योजनाहरू | क्रियाकलाप | समय सीमा | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| ५ | संस्थागत संरचनामा सुधार | कोषको संगठन संरचना स्वीकृत गराउने, आवश्यक जनशक्तिको पदपूर्ति गर्ने । | पहिलो वर्ष | सबल संरचनासहितको कोष र छिटो-छरितो सेवा प्रवाह र नयाँ साझेदारी र ग्राहकहरूको आकर्षण |
| | | संसोधित ऐन बमोजिमको संगठन संरचना स्वीकृत गराई कार्यान्वयन गर्ने । | तेश्रो वर्ष देखि | |
| | | प्रक्रियाहरूको डिजिटलीकरण गर्ने । | पहिलो वर्ष | |
| | | कोषको वित्तीय सेवाहरूका प्रचार प्रसार र सामाजिक सञ्जालमार्फत पहुँच वृद्धि गर्ने । | निरन्तर रूपमा गरिने । | |
| | | कोषेको विकेन्द्रीकरण - प्रादेशिक कार्यालय स्थापना गर्ने । | दोश्रो वर्षबाट सुरु गरी चौथो वर्ष भित्रमा कम्तीमा २ ओटा कार्यालयमार्फत प्रादेशिक कार्यहरू सुरु गर्ने । | |
| | | ब्याजदरमा सहुलियत । | तेस्रो वर्षदेखि । | |
| ६ | समावेशी तथा जोखिम न्यूनीकरण सहितका योजना | वैज्ञानिक अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्ने । आयोजना अनुगमन र मूल्याङ्कनका लागि ढाँचा तयार गर्ने तथा सिकाइहरूको अभिलेख राख्ने । | पहिलो वर्षमा सुरु गरी हरेक वर्ष अद्यावधिक गरीने । | जोखिम न्यूनीकरणसहितका समावेशी विकास । |
| | | आयोजना सम्भाव्यता मूल्याङ्कन सम्बन्धी स्पष्ट खाका बनाइने, जस अन्तर्गत वातावरण, विपद, अन्य जोखिम र समावेशी पनि सूचकका रूपमा स्थापना गरिने । परियोजना डिजाइनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GEDSI) को सिद्धान्तहरू तथा बाल सुरक्षा उपायहरू समावेश गरिने । | | |
| | | वातावरण तथा सामाजिक नीति, जोखिम व्यवस्थापन योजना तयार गर्ने । | | |

# नगर विकास कोष
## TOWN DEVELOPMENT FUND

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ०१ ४५९३८६६, ४५६४८७४, ४५८४९५७
इमेलः tdf@tdf.org.np
वेबसाइटः www.tdf.org.np